# 'मोदिआइन' उपन्यासको लैङ्गिक अध्ययन


प्रस्तोता

धर्मप्रसाद अधिकारी

परीक्षा क्रमाङ्क : २०४०१२०/२०६६

त्रि.वि. दर्ता नं. : ९-३-२०४-१८२-२००७


नेपाली शिक्षामा स्नातकोत्तर उपाधिका लागि प्रस्तुत शोधपत्र


त्रिभुवन विश्वविद्यालय

कनकाई बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षा विभाग

सुरुङ्गा, झापा



सन् २०१६

# प्रतिबद्धता पत्र

प्रस्तुत *'मोदिआइन' उपन्यासको लैङ्गिक अध्ययन* शीर्षकको शोधपत्र मैले गहन अध्ययन गरी तयार पारेको हुँ । यसमा भएका सबै तथ्यहरू प्रमाणित हुन् । यो मेरो मौलिक प्रस्तुति हो । अन्यथा भएका म कानुन बमोजिम दण्डित हुन तयार छु ।

शोधार्थी
धर्मप्रसाद अधिकारी
एम.एड्. दोस्रो वर्ष

(त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त )

# कनकाई बहुमुखी क्याम्पस

☎ ०२३-५५०१५३

कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)

Fax : ०२३-५५०८५३

स्था : २०४७

Email : kanakai.campus47@gmail.com

च.नं.

प.सं.

मिति :............................

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, कनकाई बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर दोस्रो वर्षका शोधार्थी धर्मप्रसाद अधिकारीले नेपाली विषय विशिष्टीकरणको पाठ्यांश ५९८ को आवश्यकता पूर्तिका लागि *'मोदिआइन' उपन्यासको लैङ्गिक अध्ययन* शीर्षकको शोधपत्र मेरा निर्देशनमा तपार पार्नु भएको हो । निकै मिहिनेत गरी तयार पारिएको यस शोध कार्यबाट म पूर्ण रूपमा सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : सन् २६ जनवरी २०१६

उप.प्रा. सेरबहादुर बाँनिया

शोध निर्देशक

कनकाई बहुमुखी क्याम्पस

सुरुङ्गा, झापा

## कृतज्ञता ज्ञापन

कुनै अनुसन्धेय विषयमा अनुसन्धान गर्ने कार्य एउटा गहन विषय रहेछ । त्यसमा पनि नेपालका सन्दर्भका आधिकारिक ढङ्गले पूर्वानुसन्धान नै नभएको यस किसिमको विषयमा शोधपत्र तयार पार्नु मेरा लागि एउटा ठूलो चुनौती पनि बन्यो । नवीन र चुनौतीपूर्ण विषयमै अनुसन्धान गर्ने मेरो रहर र गुरुहरूको हौसलाको फलस्वरूप आज यो शोधपत्र तयार भएको छ ।

यो शोधपत्र तयार पार्दा मलाई प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुऱ्याउने सबैप्रति कृतज्ञता ज्ञापन गर्दछु । विशेषतः मेरो लक्ष्यलाई निर्देशक भई आद्योपान्त पथप्रदर्शकको भूमिकामा रहनु भएका यस नेपाली विभागका श्रद्धेय गुरु उप. प्रा. सेरबहादुर बानियाँप्रति सदा कृतज्ञ छु । त्यस्तै शोधपत्र तयार गर्ने क्रममा आवश्यक सल्लाह, सुझाव तथा मार्गदर्शन प्रदान गर्नुहुने सहप्रा. कोमलप्रसाद पोखरेल, सहप्रा. जीवनाथ सुवेदी, उप प्रा. विष्णुप्रसाद कोइराला, उप प्रा. कुलेन्द्र मैनाली, सहा. प्रा. तेजप्रसाद खनाल लगायत विभाग सम्बद्ध सम्पूर्ण गुरुहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

अध्ययनका क्रममा निरन्तर सहयोगीको भूमिकामा रहनु हुने जीवनसाथी लक्ष्मी काफ्ले ( अधिकारी) प्रति हार्दिक प्रेम व्यक्त गर्दै मेरो उच्च शिक्षा प्राप्तिको लक्ष्यमा सधैँ साधकको भूमिका निर्वाह गर्नुहुने बुबा लक्ष्मीप्रसाद अधिकारी, आमा योगमाया अधिकारी, दाजुभाउजू, भाइबुहारी तथा सम्पूर्ण शुभचिन्तकहरूप्रति आभारी छु । त्यस्तै शोधपत्र तयार पार्ने क्रममा जुन-जुन सामग्रीहरू प्रयोग भएका छन् तिनका लेखक तथा सम्पादकहरूको उच्च मूल्याङ्कन गर्न चाहन्छु ।

अन्त्यमा, कम्प्युटर टङ्कण कार्यमा कुशलतापूर्वक सहयोग गर्ने मैनाली डेक्सटप पब्लिकेसन, सुरुङ्गालाई धन्यवाद दिंदै यो शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. शिक्षा विभाग, श्री कनकाई बहुमुखी क्याम्पस समक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

धर्मप्रसाद अधिकारी

## शोधसार

प्रस्तुत शोधको शीर्षक 'मोदीआइन उपन्यासको लैङ्गिक अध्ययन' रहेको छ । यस अनुसन्धानमा जनसङ्ख्या तथा नमुनाका रूपमा साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित 'मोदिआइन' उपन्यासलाई लिइएको छ । प्रस्तुत उपन्यासमा लैङ्गिक प्रयोगको अवस्थाको वर्णन गर्दै लैङ्गिक दृष्टिले उपन्यासमा प्रयुक्त भाषाको विश्लेषण तथा मूल्याङ्कन गरिएको छ ।

प्रस्तुत शोधकार्यको प्रमुख उद्देश्य 'मोदिआइन' उपन्यासको लैङ्गिक पक्षको समग्र अध्ययन र विश्लेषण गर्नु रहेको छ । उक्त उद्देश्यमा केन्द्रित भएर लैङ्गिक पक्षको विश्लेषण अन्तर्गत लैङ्गिक अवस्था पत्ता लगाउने, उपन्यासमा समाविष्ट महिला र पुरुषको लैङ्गिक भूमिका (उत्पादनमूलक, अनुत्पादनमूलक, सामुदायिक राजनीतिक) को चित्रण गर्नु, विचारपरक, चरित्रपरक र भाषापरक अध्ययन गर्नु, लैङ्गिक चेतनाको विश्लेषण गर्नु र उपन्यासमा निर्दिष्ट पक्षहरूको लेखाजोखा गरी निष्कर्ष एवम् सुझाव प्रस्तुत गरिएको छ ।

यस शोधमा मूल रूपमा सामग्री सङ्कलन गर्दा पुस्तकालयीय विधि तथा अध्ययन विश्लेषणमा वर्णनात्मक विधिको प्रयोग गरिएको छ । यस क्रममा साझा प्रकाशनद्वारा मुद्रित साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको 'मोदिआइन' उपन्यासलाई प्राथमिक स्रोत र लैङ्गिक विषयसँग सम्बन्धित पाठ्यपुस्तहरू, शोधप्रतिवेदन, पत्रपत्रिकामा प्रकाशित लेख रचना, शोध निर्देशकको निर्देशन आदिलाई द्वितीय स्रोतको रूपमा लिइएको छ ।

हाम्रो पुरुष प्रधान नेपाली समाजमा नारीका आवश्यकता र चाहनालाई कुनै पनि मूल्य नदिई कुण्ठित पारिएको हुन्छ । नारीहरूमाथि हुने गरेको शोषण र दमनलाई सहेर नबसी आफ्नो अस्तित्व रक्षाका लागि संघर्षरत रहनु पर्ने लैङ्गिक चेतना 'मोदिआइन' उपन्यासमा उठान भएको पाइन्छ । तसर्थ यस अनुसन्धानले 'मोदिआइन' उपन्यासमा रहेको लैङ्गिक समानता, समता, महिला सशक्तीकरण जस्ता पक्षहरूको जानकारी प्रदान गरेकोले लैङ्गिकता सम्बन्धी औपचारिक कार्यक्रम, लैङ्गिक समानताका लागि नारी आवाजहरू बुलन्द गर्न, भावी अनुसन्धान गर्न र शिक्षण सिकाइ कार्यमा समेत सीमित मात्रामा भए पनि यो अध्ययन उपयोगी बन्न सफल हुने अपेक्षा राखिएको छ ।

# विषयसूची

**शीर्षक**


**अध्याय एक : परिचय**

विषय प्रवेश १
समस्याको कथन २
अध्ययनको उद्देश्य २
अध्ययनको औचित्य २
अध्ययनको परिसीमा ३
अध्ययनको रूपरेखा ३

**अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखा**

पूर्वकार्यको समीक्षा ४
पाठ्यपुस्तक तथा पत्रपत्रिकामा उल्लेखित लैङ्गिक अध्ययनसँग पूर्वकार्यको समीक्षा ४
शोधकार्यसँग सम्बन्धित लैङ्गिक अध्ययनको पूर्वकार्यको समीक्षा ६
अध्ययनमा पूर्वकार्यको उपयोगिता ८
सैद्धान्तिक रूपरेखा ९
लैङ्गिकताको परिचय ९
विकासक्रम १२
लैङ्गिक भूमिका १४
लैङ्गिक समानता र समता १६
सशक्तीकरण १७
जेन्डर भाषा १८

**अध्याय तिन : अनुसन्धान विधि**

अनुसन्धान ढाँचा २१
जनसङ्ख्या तथा नमुना २१
नमुना छनोट विधि २१
तथ्याङ्क सङ्कलनका स्रोत २१
तथ्याङ्क सङ्कलनका साधन २१
तथ्याङ्क सङ्कलन विधि २१
तथ्याङ्क विश्लेषण विधि २२

**अध्याय चार : व्याख्या तथा विश्लेषण**

मोदिआइन उपन्यासको लैङ्गिक अवस्थाको अध्ययन २३
लैङ्गिक दृष्टिकोणको आधारमा भूमिकापरक अध्ययन २४
लैङ्गिक दृष्टिकोणको आधारमा चरित्रपरक अध्ययन २६

लैङ्गिक दृष्टिकोणको आधारमा विचारपरक अध्ययन ३१
लैङ्गिक दृष्टिकोणको आधारमा भाषापरक अध्ययन ३२
लैङ्गिक चेतना प्रयोगको विश्लेषण ३५
निष्कर्ष ३८

**अध्याय पाँच : उपयोगिता र सुझाव**

शोध कार्यको उपयोगिता ३९
सुझावहरू ४१
नीतिगत तहका लागि ४१
कार्यान्वयन तहका लागि ४१
भावी अनुसन्धाताका लागि ४२
व्यक्ति वृत्ति
सन्दर्भ सामग्री

# अध्याय एक
# परिचय
## विषय प्रवेश

साहित्यका विविध विधाहरूका तुलनामा उपन्यास विधा बढी लोकप्रिय बनेको छ । पाश्चात्य साहित्यमा व्यापकता पाएको यो विधा पूर्वीय साहित्यमा निकै लोकप्रिय र पाठकहरूको प्रिय विधाको रूपमा रहेको छ । जीवन र जगत्को समग्र चित्रण गर्ने साहित्यको महत्त्वपूर्ण गद्याख्यानमूलक विधा उपन्यास हो । सामाजिक जीवन र मानवीय मनका विविध पक्ष तथा पाटाहरूलाई समावेश गर्न सकिने बृहत् आयाम भएको गद्यात्मक रचना नै उपन्यास हो ।

साहित्यका विभिन्न विधाहरूमध्ये उपन्यास पनि एक नवीन तथा सशक्त विधा हो । 'उप+अस्+अ' बाट उपन्यास शब्दको व्युत्पत्ति भएको मानिन्छ । यसको अर्थ नजिक राख्नु भन्ने हुन्छ । अङग्रेजीमा उपन्यासलाई नोबेल (Novel) भनिन्छ । ल्याटिन भाषाको नोबस (Novews) शब्दको रूपान्तरित शब्द (Novel) को व्युत्पत्ति पनि यसैबाट भएको हो । यसलाई मराठी भाषामा 'नबलिवा" र गुजराती भाषामा 'नबलकथा' भनिएको पाइन्छ, *(भण्डारी र अन्य पृ. १६९)* ।

वर्तमान समयमा उपन्यासलाई आधुनिक युगको गद्य महाकाव्य पनि भनिन्छ । नयाँ विधाका रूपमा उपन्यास इसाको अठारौं शताब्दितिर युरोपबाट विकसित भएको हो । यस विधाले अहिले नेपाली साहित्यमा पनि अत्यन्तै लोकप्रियता हासिल गरेको छ । नेपाली साहित्यमा गिरीवल्लभ जोशीको वीरचरित्र (१९६०) बाट सुरु भएको मौलिक उपन्यासको परम्पराले एक सय वर्ष पुरा गरिसकेको छ । यस क्रममा नेपाली उपन्यासले अनेकौं वाद, आन्दोलन र सैद्धान्तिक पाटाहरूको पृष्ठपोषण गरेको छ । विश्वको राजनीति, अर्थतन्त्र, विज्ञान, मनोविज्ञान, सामाजिक, साँस्कृतिक पक्षलाई साहित्यको उपन्यास विधाले अङ्गीकार गर्दै मानव समुदायमा समक्ष विचार र चेतनाहरू अगाडि बढाइरहेको छ । आधुनिक उपन्यासको थालनी रुद्रराज पाण्डेको रूपमती, (१९९१) बाट आरम्भ भएको मानिन्छ । आधुनिक कालमा आइपुगेपछि उपन्यासले मौलिक र वास्तविक स्वरूप प्राप्त गरेको छ । हाल विश्वमा देखिएका युगीन चेतना, वैज्ञानिक उन्नतिले गर्दा नेपाली उपन्यास लेखन परम्परामा पनि विकास र गतिशीलता बढदै आइरहेको छ ।

नेपाली साहित्यमा उपन्यासको भण्डारलाई पूर्ण बनाउने काममा धेरै उपन्यासकारहरूले कलम चलाए तापनि उपन्यासको लैङ्गिक पक्षको बारेमा बृहत् खोज अध्ययन र अनुसन्धान हुन सकेको छैन । तसर्थ साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित 'मोदिआइन' उपन्यासलाई नमुनाको रूपमा लिई उपन्यासको लैङ्गिक पक्षको व्यवस्थित, वैज्ञानिक तथा वस्तुगत अध्ययन

विशलेषण गरिएकोले यो शोध कार्यले भावी अनुसन्धाता, लेखक, पाठक तथा सर्जकका लागि लैङ्गिकतासम्बन्धी समस्याहरू समाधानमा सहयोग पुग्नेछ ।

## समस्या कथन

'मोदिआइन' उपन्यासमा लैङ्गिक अध्ययन के कसरी गर्न सकिन्छ ? भन्ने प्राज्ञिक जिज्ञासा नै शोधकार्यको मूल समस्या रहेको छ । यसका साथै लैङ्गिक चेतनाका दृष्टिले मोदिआइन उपन्यासमा के कस्तो मौलिकता र नयाँपन सिर्जना भएको छ, सोको समेत विश्लेषण गरिएको छ । यसै क्रममा प्रस्तुत शोधका लागि निम्न लिखित समस्याहरूको विश्लेषण गर्नु यस शोधकार्यको प्रमुख समस्या रहेको छ ।

(क) लैङ्गिक समालोचनाको स्वरूप के कस्तो रहेको छ ?

(ख) 'मोदिआइन' उपन्यासमा लैङ्गिक प्रयोगको अवस्था कस्तो छ ?

(ग) उपन्यासमा लैङ्गिक चेतना कस्तो पाइन्छ ?

(घ) उपन्यासमा प्रयोग गरिएको भाषा लैङ्गिक दृष्टिकोणले कस्तो रहेको छ ?

## अध्ययनको उद्देश्य

'मोदिआइन' उपन्यासको लैङ्गिक अध्ययनको विश्लेषण गर्नु प्रस्तुत शोधको उद्देश्य रहेको छ । यो प्राज्ञिक जिज्ञासा समाधानका लागि निम्न लिखित उद्देश्य रहेका छन्,

(क) 'मोदिआइन' उपन्यासमा रहेको लैङ्गिक अवस्था पत्ता लगाउनु,

(ख) उक्त उपन्यासमा प्रयुक्त लैङ्गिक चेतना प्रयोगको विश्लेषण गर्नु ।

(ग) लैङ्गिक दृष्टिले उपन्यासमा प्रयुक्त भाषाको विश्लेषण तथा मूल्याङ्कन गर्नु ।

## अध्ययनको औचित्य

लैङ्गिकतासम्बन्धी अनेकौं दृष्टिकोणबाट महिला र पुरुषबिच समान अधिकार प्राप्त गर्नका लागि धेरै सैद्धान्तिक प्रयासहरू भइरहेको अवस्थामा पुरुषप्रधान समाजमा महिलाहरू पिल्सिएर बाँच्नु परेका नारी समस्यासम्बन्धी लैङ्गिक समालोचनाको सैद्धान्तिक अवधारणा र प्रयोग पक्ष निर्क्यौल गर्न यो शोध औचित्यपूर्ण रहेको छ । लैङ्गिक चेतना र दृष्टिकोणका साथै भाषिक प्रयोगबाट सिर्जित मोदिआइन उपन्यासको नवीन सौन्दर्य उद्घाटन र मूल्याङ्कन गरिएको हुनाले यसको महत्त्व उच्च हुने छ । लैङ्गिक समालोचनाको पक्षबाट समेत मोदिआइन उपन्यासको विश्लेषण गरिने हुनाले यसको उपयोगिता देखिन्छ ।

यसै गरी यस उपन्यासको लैङ्गिक प्रयोगको अवस्था पत्ता लगाउने, उपन्यासमा समाविष्ट महिला र पुरुष पात्रको लैङ्गिक भूमिकाको चित्रण, विचारपरक, चरित्रपरक, भाषापरक अध्ययन र

उपन्यासमा निर्दिष्ट विविध पक्षहरूको लेखाजोखा गरी विश्लेषण समेत गरिने भएकोले यो अध्ययन औचित्यपूर्ण रहेको छ ।

प्रस्तुत मोदिआइन उपन्यासमा रहेको लैङ्गिकता अध्ययनले लैङ्गिक समानता, समता र महिला सशक्तीकरण जस्ता पक्षहरू सम्बन्धी जानकारी प्राप्त गर्न, लैङ्गिकता सम्बन्धी कुनै पनि औपचारिक कार्यक्रम सञ्चालन, अन्य यस विषयसँग सम्बन्धित अनुसन्धान गर्न, नारी आवाजहरू प्रस्फुटन गर्न र जिज्ञासु पाठकहरू र भावी शोधकर्ताहरूका लागि सीमित मात्रामा भएपनि यो अध्ययन उपयोगी र औचित्यपूर्ण बन्न सक्ने विश्वास राखिएको छ ।

## अध्ययनको परिसीमा

कुनै पनि अध्ययनको क्षेत्र, परिवेश तथा सामग्रीहरूको सम्भाव्यता अत्यन्त व्यापक र विस्तृत रहेको हुन्छ । त्यसैले समग्र कुराहरूको तथ्यलाई त्यस विषयको प्रयोजनअनुसार अध्ययनको गहिराई र व्यापकतालाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ । त्यसकारण जुनसुकै अध्ययनको पनि सीमाक्षेत्र तोकिएको हुन्छ, जसअनुसार प्रस्तुत अध्ययनलाई निम्नानुसार सिमाङ्कन निर्धारण गरिएको छ ।

(क) लैङ्गिक समालोचनाको सैद्धान्तिक स्वरूप र दृष्टिकोण निर्धारण गर्दा नारीवाद, मनोविज्ञान र महिला शिक्षा जस्ता मान्यताका स्रोत र साधन भएका कृतिहरूको मात्र विश्लेषण गरिएको छ ।

(ख) 'मोदीआइन' उपन्यासमा लैङ्गिक प्रयोगको अवस्था, लैङ्गिक चेतना, भाषापरक अध्ययनका आधारमा विश्लेषण गर्दा मोदिआइन उपन्यासलाई मात्र आधार बनाइएको छ ।

## अध्ययनको रूपरेखा

अध्याय एक, परिचय

अध्याय दुई, पूर्वकार्यको समीक्षा र सैद्धान्तिक खाका

अध्याय तिन, अनुसन्धान विधि

अध्याय चार, व्याख्या तथा विश्लेषण

अध्याय पाँच, सारांश, निष्कर्ष, उपयोगिता र सुझाव

# अध्याय दुई
# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक रूपरेखा
## पूर्वकार्यको समीक्षा

अनुसन्धान कार्यमा पूर्वकार्यले शीर्षकसँग सम्बद्ध के कस्ता कामहरू भएका छन्, के कति गर्न बाँकी छ भन्ने कुराको निर्देश गर्दछ । त्यसैले जुनसुकै अनुसन्धान कार्यका लागि त्यस कार्यसँग सम्बन्धित अध्ययन एवं पूर्वकार्यको जानकारी लिन आवश्यक हुन्छ । त्यसैले उपन्यासमा लैङ्गिक चेतना र प्रयोगसम्बन्धमा समेत केही कृतिगत समालोचना भएका छन् । यसका साथै पाठ्यपुस्तक सम्बन्धी केही लैङ्गिक शोधकार्य, बहुसाँस्कृतिक अध्ययन, लिङ्ग विधान, लैङ्गिकताको अध्ययनसँग सरोकार राख्ने नारीवादी अध्ययनसम्बन्धी समालोचना तथा पत्रपत्रिकामा समेत लेखहरू प्रकाशित भएका छन् ।

## पाठ्यपुस्तक तथा पत्रपत्रिकामा उल्लिखित लैङ्गिक अध्ययनसँग सम्बन्धित पूर्वकार्यको समीक्षा

प्रधान (२०३७)द्वारा लिखित *नेपाली उपन्यास र उपन्यासकार* शीर्षकको समालोचना ग्रन्थमा यौनमनोविश्लेषण र अस्तित्वको खोजी गर्न केन्द्रित उपन्यासमा समीक्षा गरेको भेटिन्छ । लैङ्गिक रूपमा आवाज उठाइएको पाइँदैन तर नारीमा रहेको यौन चाहना र स्वतन्त्र अस्तित्वको खोजी देखाइएको छ । विश्वेश्वरप्रसाद कोइरालाको 'तीन घुम्ती' पारिजातको 'शिरिषको फूल' आदि उपन्यासहरूमा रहेको स्वतन्त्र जीवनको खोजीलाई उठान गरिएको छ ।

धरावासी (२०४८) द्वारा लिखित *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू* नामक समालोचनात्मक कृतिमा विश्वेश्वरप्रसाद कोइरालाका सबै उपन्यासहरूको अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनमा पात्र विधानको उल्लेख गरिए तापनि पात्रको मोटामोटी पक्ष मात्र विवेचना गरिएको छ ।

शर्मा (२०५५) द्वारा लिखित समकालीन *समालोचना सिद्धान्त र प्रयोग* ग्रन्थमा कथायोजना र पात्र बनोटको विश्लेषण गरेको पाइन्छ । कृतिमा लिङ्ग प्राकृतिक नभई समाज र संस्कृतिबाट पोषित स्वभाव र व्यवहारको रूपमा भेटिन्छ भन्दै पुरुषमा हुनुपर्ने गुण निर्भयता, असङ्कोच तथा दरोमन जस्ता कुरा युवायुवतीमा रहेकाले उसलाई पुलिङ्ग बनाएको कुरालाई प्रस्तुत गरिएको छ ।

बराल र एटम (२०५६) द्वारा लिखित *उपन्यास सिद्धान्त र नेपाली उपन्यास*मा नारीवादी धाराको सैद्धान्तिक पृष्ठभूमि दर्शाउँदै लिङ्गभेद अन्तर्गत शरीर रचना, अनुभव, अचेतन, सङ्कथन र सामाजिक आर्थिक अवस्थाहरू जिम्मेवार रहन्छन् भन्ने धारणा राखेका छन् ।

गौतम (२०५९)द्वारा लिखित *आधुनिक आलोचना अनेक रूप अनेक पठन* नामक समालोचना ग्रन्थमा बालकृष्ण समको 'प्रह्लाद' नाटकको 'स्त्रीवादी पठन र बहुसंस्कृतिवादी पठन' शीर्षकमा स्त्रीवाद र बहुसंस्कृतिवादी सैद्धान्तिक अवधारणा र प्रह्लाद नाटकमा रहेको नारीपरक सौन्दर्यशास्त्रीय चेतना र वास्तविकतालाई प्रस्तुत गरेका छन् । समाजशास्त्रीय तथा सैद्धान्तिक भाषा, वैज्ञानिक तथा संरचनावादी, स्त्रीसमलैङ्गिक आदि पक्ष उठान गरी नरको अधिनमा नारी, पौरख, कठोरता, नारी दोस्रो दर्जा, स्त्रीलेखन बुभायर र मिलेट आदि विविध शीर्षकमा समीक्षा गरेका छन् ।

नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय शिक्षाशास्त्र विभाग, महिला शिक्षा शाखा, सानोठिमी, भक्तपुरबाट प्रकाशित *महिला शिक्षा प्रकाशन,* अंक ३ वर्ष ३ (२०५९) मा महिला शिक्षाको ऐतिहासिक पृष्ठभूमि, महिला शिक्षा, नवौं र दशौं योजनामा, लैङ्गिक समानता र महिला सशक्तीकरण, नेपालमा लैङ्गिक समानता, नेपालमा लैङ्गिक असमानता हटाउन आवश्यक शिक्षा, लैङ्गिक विभेद न्यूनीकरणको लागि बालिका शिक्षाको महत्त्व आदि शीर्षकमा लेखहरू रहेका छन् ।

चौलागाईं र अन्य लेखक (२०६०) द्वारा लेखिएको *लैङ्गिक अध्ययन* पुस्तकमा लैङ्गिकता र समाज, महिलावादी सिद्धान्तहरू, अनुसन्धान पद्धति, लैङ्गिक विकास, नेपालमा महिलाको अवस्था तथा लैङ्गिक मुद्दा र बहस जस्ता पक्षहरूलाई समाजशास्त्रीय दृष्टिकोणबाट सैद्धान्तिक तथा व्यावहारिक रूपमा प्रस्तुत गरिएको छ ।

एटम (२०६१) द्वारा लिखित समालोचनाको स्वरूप ग्रन्थमा *'अनुराधा उपन्यास नारीवादी शीर्षक'* को लेखनमा नारीवादको सैद्धान्तिक पृष्ठभूमि, नारीमुक्तिको आन्दोलनका साथै नेपाली सिर्जना एवम् समालोचनाका सन्दर्भमा नारीवादका पक्षहरू, नारीवादी स्रस्टाहरूको भूमिका निरूपण गरेका छन् । पितृसत्तात्मक मानसिकता, नारी मानसिकताका प्रत्यारोपणका पक्षहरूमा अनुराधाका विविध पक्षहरू खोतल्दै उक्त उपन्यास नारीवादीमा नपुगी परपीडक आत्मरति, स्थिरव्यामोह, खण्डित व्यक्तित्व जस्ता फ्रायडेली मान्यतामा अडेको निष्कर्ष निकालेका छन् ।

आचार्यले (२०६१) द्वारा लिखित *लैङ्गिक अध्ययन* नामक पुस्तकमा लैङ्गिक अध्ययनका अवधारणा, सामाजिक लिङ्ग र समाज, महिलावादी सिद्धान्तहरू, अनुसन्धान पद्धति, सामाजिक लिङ्ग र विकास, नेपाली महिलाको अवस्था, नेपालमा लैङ्गिक मुद्दा संलग्नतामा वास्तविकता उठान गरेका छन् ।

श्रेष्ठ (२०६१) ले महिला शिक्षा वार्षिक पत्रिकामा *सबैका लागि शिक्षा लैङ्गिक समानता शीर्षकमा लैङ्गिक समानता* कायम गर्न सन् २००२ मा गरिएको 'सबैका लागि शिक्षा' को सामुहिक प्रतिबद्धता अन्तर्गत निर्धारण गरिएका ६ वटा लक्षणहरूमध्ये सबैजसो महिला र बालिका

शिक्षालाई महत्त्व दिएको पाइन्छ तर पूर्ण लैङ्गिक समानताको पक्षचाहिँ पाँच नम्बरको उद्देश्यले समेटेको छ । यसलाई पूरा गर्न तत्कालीन नेपाल सरकारले सन् २०१५ सम्म लैङ्गिक विभेदलाई हटाउन छात्रवृत्तिको व्यवस्था, विद्यालय सुधार कार्यक्रम, महिला शिक्षक नियुक्तिको व्यवस्था, बालविकास केन्द्र सञ्चालनको व्यवस्था, शैक्षिक सामग्रीहरूमा लैङ्गिक दृष्टिकोणले सुधार गर्नुपर्ने कार्यक्रम उल्लेख गरेकी थिइन् । त्यस्तै समुदाय परिचालन कार्यक्रम, महिला प्रतिनिधिको अनिवार्य व्यवस्था, शिक्षक तालिमको व्यवस्था, छात्रवृत्तिको व्यवस्था, माध्यमिक शिक्षा विस्तार कार्यक्रम, सूचनाको व्यवस्था, शिक्षक लाइसेन्सको व्यवस्था, लैङ्गिक विभेद तथ्याङ्कको व्यवस्था, नेटवर्किङ् कमिटीको व्यवस्था, विद्यालय पुरस्कारको व्यवस्था र डाइरेक्टर फन्डको व्यवस्था जस्ता नीति तथा कार्यक्रमहरू उल्लेख गरेकी थिइन् ।

शिक्षाशास्त्र सङ्कायद्वारा प्रकाशित वार्षिक पत्रिका *सम्प्रेषण* अंक ६, *(२०६६)* मा प्रकाशित पहेंलो गुलाफ कथामा लैङ्गिक चेतना नामक शीर्षकमा राजेन्द्र खनालबाट लेखिएको लेखमा लैङ्गिक पृष्ठभूमि, परिभाषाहरू र कथाको विश्लेषण गरिएको छ । उक्त लेखमा नारीले भोग्नु परेका अनेकौं व्यवधानहरूलाई प्रस्तुत गर्दै पुरुषलाई एक झुसिल किराको संज्ञा दिँदै निकै चर्को आवाज उठाउँदै लैङ्गिक चेतनालाई सशक्त रूपमा प्रस्तुत गरिएको छ ।

## शोधकार्यसँग सम्बन्धित लैङ्गिक अध्ययनको पूर्वकार्यको समीक्षा

लक्ष्मी पोखरेलद्वारा वि.सं. (२०५३) मा गृह विज्ञान केन्द्रीय विभाग अन्तर्गत स्नातकोत्तर शोधकार्य (Gender Role and Gender Image as Portrayed in School Level Language Text books), शीर्षकमा सम्पन्न भएको छ । उक्त अध्ययनमा मुख्य ६ बटा फरक भूमिकामा पुरुषभन्दा महिला पक्षपातमा परेको जनाइएको छ । Roles,,ythology, Biography, Authorship of the Lesson, Recreational Activities and References जस्ता लैङ्गिक समतामूलक दृष्टिकोणबाट यस्ता पक्षपात र उपेक्षा हटाउने सुझाव उक्त शोधपत्रमा दिइएको छ ।

मानविकी सङ्काय अन्तर्गत खनाल( २०६०) ले *'तीन घुम्ती'* उपन्यासको कृतिपरक अध्ययन गरेका छन् । उक्त अध्ययनमा तीन घुम्ती पूर्वको आधुनिक उपन्यासको परम्पराको जानकारी, आधुनिक उपन्यास परम्परामा तीन घुम्ती उपन्यासको स्थान निर्धारण, औपन्यासिक तत्त्वका दृष्टिले तीन घुम्तीको अध्ययन गरेको पाइन्छ । आधुनिक औपन्यासिक क्षेत्रमा अस्तित्ववादी परम्परालाई अनुसरण गरेको तीन घुम्ती उपन्यासले गौरवशाली भूमिका प्राप्त गरेको निष्कर्ष यो अध्ययनबाट पाइन्छ ।

शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग अन्तर्गत पौडेलद्वारा (२०६२) द्वारा *कक्षा ८, ९ र १० का नेपाली पाठ्यपुस्तकका पाठमा लैङ्गिक समानतासम्बन्धी अध्ययन* शीर्षकमा

सम्पन्न भएका समानताहरूलाई प्रस्तुत गरिएको छ । पाँच अध्यायमा विभाजित उक्त अध्ययनको पहिलो अध्यायमा परिचय तथा दोस्रो अध्यायमा पूर्वकार्यको समीक्षा रहेको छ । त्यस्तै सैद्धान्तिक अवधारणाको शीर्षकको तेस्रो अध्यायमा भाषापाठ्यपुस्तकमा लैङ्गिक दृष्टिकोण, लैङ्गिक अवधारणाको विकास, प्राकृतिक लिङ्गभेद र सामाजिक लिङ्गभेद, लैङ्गिक समानता र समता, लैङ्गिक भूमिका विश्लेषण र प्रस्तुतीकरण गरिएको छ भने चौथो अध्यायमा व्याख्या तथा विश्लेषण शीर्षकमा विषयवस्तुको दृष्टिले पाठ्यपुस्तकहरूको लैङ्गिक समानतासम्बन्धी अध्ययन, चित्रका दृष्टिले लैङ्गिक समानतासम्बन्धी अध्ययन जस्ता सन्दर्भहरूलाई केलाउने चेष्टा गरिएको छ र निष्कर्ष तथा सुझाव नामक पाँचौं अध्यायमा निष्कर्ष, सुझाव प्रस्तुत गरिएको छ ।

कुँवर (२०६५) द्वारा *कक्षा ७ को सामाजिक शिक्षा पाठ्यपुस्तकको लैङ्गिक स्थिति* शीर्षकमा एक अध्ययन भएको पाइन्छ । उक्त अध्ययन निम्न माध्यमिक विद्यालय तहको कक्षा ७ को सामाजिक शिक्षा पाठ्यपुस्तकमा लैङ्गिक समानता र विभेदको अवस्था पत्ता लगाउनु, पाठ्यपुस्तकमा लैङ्गिक आधारमा भएका कमी कम्जोरी पत्ता लगाउनु जस्ता उद्देश्य लिएर अध्ययन गरिएको छ । उक्त अध्ययनमा पुस्तकालयीय र क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको पाइन्छ । उक्त अध्ययन काठमाडौं जिल्लाभित्रबाट छनोटमा परेका चारवटा सामुदायिक विद्यालयलाई लिई सम्बन्धित पक्षहरूको फोटो, कार्यव्यवहार, संवाद, शब्दावली, उदाहरण, अनुच्छेदमा केन्द्रित रही अध्ययनको औजारको रूपमा खुल्ला प्रश्नावली, समूहमाथि छलफल र दस्तावेजलाई सीमाङ्कन गरिएको पाइन्छ । पाठ्यपुस्तकभित्र रहेका बाह्रवटा पाठमा लैङ्गिक विभेद र सातवटा पाठमा लैङ्गिक समानता रहेको कुरा उल्लेख गरिएको छ । साथै उक्त पाठ्यपुस्तकमा चित्र, भाषा, शब्दावली उदाहरण अनुच्छेदमा लैङ्गिक समावेशी प्रतिनिधित्व गराउनुपर्ने सुझाव दिइएको छ ।

शिक्षाशास्त्र संङ्काय, पाठ्क्रम शिक्षा विभाग अन्तर्गत, काफ्ले (२०६५)द्वारा *प्राथमिक तहको सामाजिक शिक्षा पाठ्यपुस्तकमा लैङ्गिक अवस्थाको अध्ययन* गरिएको छ । उक्त अध्ययनमा पाँच परिच्छेद र परिच्छेद एकमा परिचय, दोस्रो परिच्छेदमा पूर्वकार्यको समीक्षा रहेको छ जसअन्तर्गत लिङ्ग र जेन्डरको अवधारणा, सैद्धान्तिक खाका प्रस्तुत गरिएको छ । त्यसैगरी परिच्छेद तिनमा अध्ययन विधि साथै परिच्छेद चारमा तथ्याङ्कको विश्लेषण तथा व्याख्या शीर्षक प्रस्तुत छ । जसअन्तर्गत पाठ्यपुस्तकमा लैङ्गिक व्याख्या तथा विश्लेषणमा लैङ्गिक अवस्थाको व्याख्या, विषयवस्तुमा लैङ्गिक अवस्थाको व्याख्या विश्लेषण गरिएको छ भने परिच्छेद पाँचमा मुख्य प्राप्ति, निष्कर्ष र उपयोग सुझावहरू प्रस्तुत गरिएको छ । उक्त शोधपत्रमा पाठ्यशीर्षक, चित्र, उदाहरण, अभ्यास र संवादका आधारमा पनि लैङ्गिकतासम्बन्धी असमानता देखाइएको छ भने उक्त असमानता हटाउनका लागि सुझावहरू प्रस्तुत गरिएको छ ।

शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत श्रेष्ठ(२०६७) द्वारा *तीन घुम्ती उपन्यासको लैङ्गिक अध्ययन* शीर्षकमा अध्ययन भएको पाइन्छ । पाँच अध्यायमा विभाजित उक्त अध्ययनको पहिलो अध्यायमा शोध परिचय र दोस्रो अध्यायमा पूर्वकार्यको समीक्षा रहेको छ । त्यस्तै सैद्धान्तिक अवधारणा शीर्षकको तेस्रो अध्यायमा लैङ्गिकताको परिचय, विकासक्रम, लैङ्गिक भूमिका, लैङ्गिक दृष्टिकोणको प्रस्तुतीकरण रहेको छ भने चौथो अध्यायमा व्याख्या तथा विश्लेषण शीर्षकमा उपन्यास, उपन्यासको परिचय र उपन्यासका विविध पक्षको व्याख्या तथा विश्लेषण प्रस्तुत गरिएको छ । अध्याय पाँचमा निष्कर्ष तथा सुझावहरू प्रस्तुत गरिएको छ । उक्त शोधमा लैङ्गिक चेतना र दृष्टिकोणका साथै भाषिक प्रयोगबाट समेत उपन्यासको मूल्याङ्कन गरिएको छ ।

यसरी उपर्युक्त विभिन्न किसिमका लेख, रचना, पत्रपत्रिका, शोधपत्र आदिमा देखिने अवधारणा, मान्यता र प्रस्तुतिहरू अध्ययनका लागि पृष्ठभूमिगत स्रोतसामग्री र अवधारणासँग सम्बन्धित देखिन्छन् । माथि उल्लेख गरिएका सबै सामग्री शोधमूलक सामग्री होइनन् । केही पाठ्पुस्तकसँग सम्बन्धित रहेर लैङ्गिक अध्ययन गरिएको भएपनि पर्याप्त मात्रामा लैङ्गिक अध्ययनसँग सम्बन्धित रहेर शोधकार्य गरेको पाइँदैन । उल्लेखित तथ्यहरूबाट के स्पष्ट हुन्छ भने 'मोदिआइन' उपन्यासको लैङ्गिक अध्ययन विश्लेषण यसभन्दा अघि भएको पाइँदैन । यसका साथै उपन्यासमा लैङ्गिक चेतना प्रयोगको विश्लेषण एवम् विविध पक्षहरूको लेखाजोखा गरी निष्कर्ष तथा सुझावहरू प्रस्तुत गरिएकाले स्वाभाविक रूपमा यो शोधकार्य महत्त्वर्पूण रहेको छ । साथै यस अध्ययनले आउँदा दिनहरूमा लैङ्गिकतासँग संलग्न र रुची राख्ने सबैका लागि आधार प्रदान गर्ने सम्बन्धित उपन्यास विश्लेषण र शिक्षणका दृष्टिले समेत महत्त्वपूर्ण सहयोग पुग्ने भएकाले यो शोधको अध्ययन औचित्यपूर्ण रहेको छ ।

## अध्ययनमा पूर्वकार्यको उपयोगिता

कुनै पनि विषयमा थप अनुसन्धान गरिनु पूर्व गरिएका व्यवस्थित खोज, समीक्षा, समालोचना, धारणा, पत्रपत्रिकामा प्रकाशित लेख आदि विषयसम्बद्ध कार्यहरू सो विषयका बारेमा गरिएका पूर्वकार्य ठहर्दछन् । कुनै एक विषयलाई लिएर अनुसन्धान कार्य प्रारम्भ गर्नु पूर्व अनुसन्धाताले आफूले छनोट गरेको विषयसँग सम्बन्धित के कस्ता पूर्वकार्यहरू भएका छन् भनी खोजी गर्नु अनिवार्य हुन्छ ।

पूर्वकार्यको अध्ययन विना अनुसन्धाताले आफ्नो अनुसन्धानको विषय र अनुसन्धेय समस्याको निर्धारण गर्न सक्दैन । आफूले छनोट गरेको विषयसँग सम्बन्धित के-कस्ता समस्याहरूबारे पूर्व खोज भएका छन् ? ती खोजहरू समस्या निरूपणमा पूर्ण वा अपूर्ण के छन् ?

विषयसम्बद्ध थप समस्याहरू के-के छन् ? कुन समस्याका बारेमा अनुसन्धान गरिनु प्राथमिक ठहर्छ ? जस्ता यावत् प्रश्नहरूको निरूपण गर्नका लागि पूर्वकार्य अपरिहार्य हुन्छ ।

पूर्वकार्यको अध्ययनले अनुसन्धातालाई आफूले गर्ने अनुसन्धानबारे थप स्पष्ट हुन त मद्दत गर्छ नै यसका अतिरिक्त अनुसन्धानमा मार्गदर्शन समेत प्रदान गर्दछ । अनुसन्धानको आवश्यकतालाई पुष्टि गर्ने कार्यदेखि पूर्ण अनुसन्धानलाई औचित्ययुक्त, वैज्ञानिक, वस्तुगत, व्यवस्थित र प्रभावकारी बनाउने कार्यमा समेत विषयसम्बद्ध पूर्वकार्यको अध्ययनले महत्त्वपूर्ण सहयोग गर्ने हुँदा हरेक अनुसन्धानमा पूर्वकार्यहरूको विशेष उपयोगिता रहने गर्दछ । यसर्थ यस शोध कार्यमा समेत उपर्युक्त वर्णित पूर्वकार्यहरूको महत्त्व र उपयोगिता रहेको छ ।

## सैद्धान्तिक रूपरेखा

### लैङ्गिकताको परिचय

कतिपय अर्थ र बुझाइमा लिङ्ग (Sex) र लैङ्गिक (Gender) शब्दलाई एउटै अर्थमा प्रयोग गरिएको पाइन्छ । तर यी दुई अवधारणाहरू बिच नितान्त भिन्नता पाउन सकिन्छ । 'लिङ्ग'लाई प्राकृतिक लिङ्ग र लैङ्गिकलाई सामाजिक लिङ्ग अन्तर्गत राखेर यी दुई अवधारणाबिचको भिन्नतालाई छुट्याउन सकिन्छ । समाजमा महिला र पुरुषको छुट्टै पहिचान हुन्छ । तर यस प्रकारका पहिचानहरू जैविक (Biological) मात्र नभई ती सामाजिक, सांस्कृतिक रूपले निर्धारित भएका हुन्छन् । त्यसैले यसलाई पृथक तरिकाले बुझ्नु पर्दछ भन्ने मान्यताको विकास केवल १९ औं शताब्दीको अन्त्यतिर मात्र भएको हो । यस्ता पहिचानहरू स्वाभाविक रूपले महिला र पुरुषबिचका शक्तिसम्बन्ध, पितृसत्तात्मक समाजको स्वरूप र महिलावादसँग सम्बन्धित हुने गर्दछ । छुट्टाछुट्टै पहिचान निर्माणका लागि समाज र संस्कृतिको स्वरूप, मान्यता, सम्बन्ध र व्यवहारहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यसरी महिला र पुरुषबिच सामाजिक लिङ्ग कुनै प्राकृतिक विभेद नभई समाजले सिर्जना गरेको भिन्नता हो जसलाई समतामा लैजान सकिन्छ । यो सामाजिक सम्बन्धमा आधारित छ । यसै सन्दर्भमा रोवेस्ट स्टालरले लिङ्ग (Sex) र लैङ्गिक (Gender) लाई यसरी प्रस्ट्याका छन् ।

Sex :

Sex is a biologically differences between women and,en which are universal, obvious and generally permanent. It describes the biological, physical and genetic composition with which we are born and sex is a biologically determined differences between,en and women that are universal. *(आचार्य, २०६८, पृ. १)* ।

Gender :

Gender is a social difference between,en and women that are learned changable overtime and have wide variation within and between cultures. Gender describes the socially constructed way of being women and,en that is a gender division of labour. the relationship between,en and women, difference roles behaviour expectation. It changes according to culture class, time and place. It refers to the comparative or differential roles, responsibilities and opportunities of women and,en in a given society. *(आचार्य, २०६८, पृ. ५)* ।

नारी र पुरुष जन्मदेखि छुट्टाछुट्टै जैविक संरचना लिएर यस सांसारिक समाजमा आएका हुन्छन् । यसरी जैविक संरचनाको आधारमा नारी र पुरुषबिच विद्यमान भिन्नतालाई लिङ्ग भनिन्छ । यो विश्वव्यापी हुन्छ । लिङ्गलाई आधार बनाई परम्परागत सामाजिक रीतिस्थिति, नियम र कानुनले नारी र पुरुषबीच बनाइदिएको सम्बन्धलाई लैङ्गिक भनिन्छ । लैङ्गिक एउटा यस्तो प्रक्रिया हो जसले सामाजिक र सांस्कृतिक रूपले परिभाषित नारीत्व र पुरुषत्वको आधारमा नारी र पुरुषलाई महिला र पुरुषको रूपमा विभाजन गरेको हुन्छ ।

यसै सम्बन्धमा प्रख्यात समाजशास्त्री कमला भासिनका अनुसार "Actually there is a,en and women in each of us, but sociaty does not allow the,an in a girl or the women in a boy grow." (वास्तवमा प्रत्येक व्यक्तिमा स्त्रीत्व र पुरुषत्व दुवै हुन्छ तर धेरैजसो समाजले केटीभित्र लुकेको स्त्रीत्व मौलाउँन दिंदैनन् *(आचार्य, २०६८, पृ. ७)* ।

लैङ्गिक अध्ययन सामाजिक विज्ञानमा देखापरेको एउटा नयाँ विषय हो । हुन त प्राचीन समयमा पनि जेण्डरको अवधारणा नभएको होइन मात्र अदृश्य रूपमा रहेको थियो । वास्तवमा लिङ्गले प्राकृतिक संरचनालाई झल्काउँछ भने जेन्डरले महिला र पुरुषको सामाजिक, सांस्कृतिक अभ्यासलाई निर्धारण गर्दछ । कुनै पनि समाजमा महिला र पुरुषद्वारा अपेक्षा गरिएको व्यवहार एवम् भूमिकाहरूको समूहलाई लैङ्गिकता भनिन्छ । यस प्रकारको भूमिकाले न त महिला मात्र न त पुरुषलाई मात्र सङ्केत गर्दछ बरु यसले दुबैको भूमिकालाई प्रतिनिधित्व गर्दछ ।

जोन आस्कर र वारवाराले सामाजिक लिङ्गसम्बन्धमा यसरी परिभाषित गरेका छन्, "Gender is an organized pattern of social relation between women and,en not only in face interaction and with in the family but also in the,ajor institutions of society, such as social class the hierachies of large scale organization and the occupational structure." *(आचार्य, २०६८, पृ. ५)* ।

यसरी जेन्डरले महिला र पुरुषको सामाजिक, साँस्कृतिक भूमिकालाई प्रस्ट्याउँछ भने महिला वा पुरुषबिचको समान एवम् असमान कार्यका सम्बन्धमा लैङ्गिग अध्ययनले चासो लिएको हुन्छ । यसका अतिरिक्त समाजमा विद्यमान विभिन्न असमानताहरू के कति कारणले सिर्जना गरिएका हुन् र कसरी यसको समाधान गर्न सकिन्छ भन्ने कुराहरू समेत लैङ्गिक अध्ययनमा गरिन्छ । महिला हिंसा, अधिकार, उत्पीडन, पितृसत्ता, मातृसत्ता, दमन, शोषण, मुक्ति, लैङ्गिक समता, समानता, सशक्तीकरण आदिका सम्बन्धमा समेत व्यापक अध्ययन लैङ्गिक अध्ययन अन्तर्गत गरिन्छ । यसले व्यक्तिगत तहमा रहेको भूमिकालाई मात्र नहेरी सामाजिक संस्थाहरू, वर्ग, सङ्गठन, पेसा, समुदाय आदि हरेक क्षेत्रमा लैङ्गिक अभ्यासको अध्ययन गर्दछ । यसले सामाजिक साँस्कृतिक परिवेशमा महिला वा पुरुष जो निम्न स्थानमा रहेका, दबिएका वा दबाइएका छन् उनीहरूलाई नै समानतातर्फ लम्किन मुखरित गर्दछ । वर्तमानको हाम्रो सामाजिक परिवेश पितृसतात्मक छ । यहाँ पुरुषको बोलाबाला र हैकमवाद चल्छ । यहाँ महिलाहरूलाई हेर्ने दृष्टिकोण दोषी छ । त्यसैले दोषी आँखालाई न्यायसङ्गत दृष्टिले महिला र पुरुषलाई समान महत्त्व र योगदानलाई खुल्ला हृदयले हेर्ने गराउनु लैङ्गिक अध्ययनको मूल उद्देश्य हो ।

रोयल ट्रोपिकल इन्स्टिच्युट, नेदरल्याण्डस (१९९५) का अनुसार " लैङ्गिकता भनेको पुरुष र महिलालाई सामाजिक दृष्टिकोण अनुसार दिइएका वर्गीकरण हुन् जसअनुसार महिला र पुरुषबाट हुने र गरिने विचार र भूमिकाहरू भन्ने जनाउँछन्, (वृहत् यौनिकता शिक्षा, २०६७, पृ. ६९) ।

यसैगरी विश्व बैंक (२०००) अनुसार "Gender refers to socially constructed rules and socially learned behaviour and expectations associated with female and,ales:"

यस परिभाषाका अनुसार सामाजिक लिङ्ग महिला र पुरुषका बिचको सिकिने व्यवहार हो जसमा उनीहरूसँग पृथक पृथक अपेक्षाहरू जोडिएका छन्, (आचार्य, २०६७, पृ. ८) ।

उपर्युक्त परिभाषाहरूका अनुसार लैङ्गिकता भनेको समाजले महिला र पुरुषलाई उक्त समाजको बनावट, संस्कार र स्थानअनुसार दिएको भूमिका र उत्तरदायित्व हुन् जुन समयानुसार परिवर्तन पनि हुँदै जाने गर्दछन् ।

मानवशास्त्रीले धेरै अगाडिदेखि नै महिलाको भूमिका, सामाजिक अवस्था तथा उनीहरू माथि हुने शोषणका बारेमा लेख्दै आएका थिए । यसै सन्दर्भमा एस्टर बोसरपले विकासमा महिलाको भूमिका, विकासले महिलामा पार्ने प्रभाव र त्यो प्रभावले महिलाको आर्थिक भूमिकामा पार्ने असरबारे लेखेकी थिइन् । लैङ्गिक असमानताबारे धेरै अगाडिदेखि चर्चा नभएको होइन तर

सन् १९७० मा बोसरपले आर्थिक विकासमा महिलाको भूमिका भन्ने पुस्तक प्रकाशित गरेपछि महिलाले आर्थिक विकासका निम्ति गर्ने योगदानका बारेमा छलफल र विश्लेषण सुरु भयो ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा धेरै महिला सम्बन्धी कार्यक्रमहरू र आन्दोलनहरू भए तापनि आर्थिक, राजनीतिक, सामाजिक, धार्मिक र शैक्षिक लगायतका विविध क्षेत्रहरूमा पुरुष सरह महिलाको पहुँच न्यून नै देखिन्छ । यी उल्लेखित क्षेत्रहरूमा महिलालाई पनि समान तवरले सशक्त सहभागी बनाउन सकेमा मात्र देश विकासको गति अग्र रूपमा बढ्न सक्नेछ । लैङ्गिकताले महिला र पुरुषको समान सहभागितालाई निर्देश गर्दछ ।

## विकासक्रम

मानव सभ्यताको सृष्टि नारी र पुरुष दुवैको समान सहभागिताबाट भएको हो । प्रागऐतिहासिक युगदेखि नै यी दुबै स्वतन्त्र व्यक्ति थिए । जीवन अति सरल थियो र कुनै सामाजिक परिपाटीको जालो थिएन । आफ्नो पेट पाल्न नारीहरू पुरुष सरह खेतमा मेलापात गर्दै स्वतन्त्र भएर व्यावहारिक जीवनका हरेक क्षेत्रमा समान रूपले अघि बढ्दै आएका थिए । तर कालान्तरमा सामाजिक विकृति र अज्ञानताका कारण नारी जातिले स्वतन्त्र जीवन बिताउने अवसर पाएनन् । घरभित्र सीमित भएकै कारण आजको यस आधुनिक युगसम्म पनि त्यस परिपाटीले महिलाको हकअधिकारमा प्रतिकूल असर पार्दै आएको पाइन्छ । त्यसै कारणले नै आज महिलाहरू पिछडिएको वर्गमा पर्ने गरेका छन् । देशको आधा आकास ढाकेका महिला वर्गको मानव स्रोत खेर गइरहेको हुँदा आज देशको सर्वाङ्गीण विकासमा ठूलो बाधा परिरहेको छ, *(श्रेष्ठ, २०६७, पृ. १३)* ।

लैङ्गिक अध्ययनको पृष्ठभूमि अध्ययन गर्दा सन् १८३० मा सर्वप्रथम अमेरिकी महिलाहरूले दासताका विरुद्ध सङ्गठित भएर आवाज उठाएको पाइन्छ । यसैगरी औद्योगिक क्रन्तिपछि युरोप तथा अमेरिकी महिलाहरूले घरबाहिरका आम्दानी हुने क्षेत्रमा काम गर्ने वातावरणको सिर्जना भए पनि ज्याला, सम्मान तथा स्वतन्त्रताका सवालमा पुरुष सरहको व्यवहार प्राप्त हुन सकेका थिएनन् । अमेरिकाको न्युयोर्क सहरमा कपडा मिलका महिला मजदुरहरूले काम गर्ने समय, ज्याला तथा स्वतन्त्रताका लागि आन्दोलन गरे । महिला आन्दोलनका दबावका कारण न्युजिल्याण्डले सन् १८९३ मा महिलाहरूलाई मताधिकार दियो । यसपछि सन् १९५० सम्ममा युरोपियन, अमेरिकन तथा अन्य राष्ट्रहरूमा महिलालाई मताधिकार दिइयो । महिला आन्दोलन नै शक्तिको स्रोत बन्न पुग्यो ।

सन् १९६० को दशकमा महिला आन्दोलन बढी सङ्गठित भएको पाइन्छ । यस समयमा विशेष गरी एसिया र अफ्रिकाका महिलाहरूले शैक्षिक विभेद तथा काममा विभेदका विरुद्ध कानुनी

अधिकारका लागि सङ्घर्ष सुरु गरे । अर्कातिर महिला विभेदलाई उठाएर पुस्तक, लेख, रचनाहरू प्रकाशन हुन थाले । महिला शिक्षा सम्बन्धी संस्थाहरू खुल्न थाले । सन् १९६३ मा विटी फ्राइडद्वारा प्रकाशित "The Feminine,ystiq" ले महिला विभेद तथा तिनका अवस्थामा प्रकाश पार्‍यो । यसै दशकमा महिला आन्दोलनले सामाजिक आन्दोलनको रूप ग्रहण गर्‍यो, *(आचार्य, २०६७, पृ. २४)*।

सन् १९७० को दशकमा नारीवादी आन्दोलनमा स्वायत्तताको लागि सङ्घर्ष अगाडि बढाइयो । यस्तो स्वायत्तता पुरुषहरूबाट तथा पितृप्रधान समाजबाट भएका नियन्त्रणबाट छुट्कारा पाउनु पर्नेमा केन्द्रित थियो । सन् १९७५ मा मेक्सिको सहरमा पहिलो अन्तराष्ट्रिय महिला सम्मेलन भयो । सन् १९७५ देखि १९८५ सम्मको समयलाई महिला दशक मनाउने निर्णय भएपछि संस्थागत रूपमा निर्दिष्ट उद्देश्यका साथ महिलासँग सम्बन्धित कार्यक्रमहरू तर्जुमा गरियो । सन् १९७९ मा महिला विरुद्धका सबै किसिमका भेदभाव हटाउने महासन्धि घोषणा गरियो । सम्पूर्ण सरकारी तथा गैह्र सरकारी क्षेत्रबाट एकीकृत कार्यक्रमहरू सञ्चालन गरियो । सन् १९८० मा कोपनहेगनमा र सन् १९८५ मा केन्याको राजधानी नेरोबीमा क्रमशः दोस्रो र तेस्रो अन्तर्राष्ट्रिय महिला सम्मेलनहरू भए । दक्षिणका तल्लो तहका महिलाहरू स्रोत र लाभका लागि सङ्घर्ष गर्दै रहे । महिला समानताका लागि आन्दोलनले निरन्तर गति लियो । सन् १९९० को दशकमा नारीवादी आन्दोलन मानव अधिकारको पक्षसँग पनि जोडिन पुग्यो । सन् १९९५ मा चीनको बेइजिङ्गमा सम्पन्न चौथो अन्तर्राष्ट्रिय महिला सम्मेलनले महिलासँग सम्बन्धित नाजुक क्षेत्र पहिचान गर्दै प्रत्येक तहका महिला विरुद्धको भेदभावको समीक्षा गरी कार्ययोजना तयार पारेको छ । विश्वमा बढिरहेको गरिबीबाट समाजलाई मुक्त गर्ने सवालमा महिलासँग सम्बन्धित विषयलाई जोडेर हेर्नुपर्ने निष्कर्ष निकालिएको छ, *(चौलागाई र अन्य, २०६०, पृ. ४)*।

यसरी विकसित राष्ट्रहरूमा क्रमशः लैङ्गिक विषयले प्रवेश पाए पनि विकासोन्मुख राष्ट्रहरूमा भने लैङ्गिक विषयले मूर्तरूप लिन सकिरहेको छैन । नेपालको सन्दर्भमा सन् १९७५ को मेक्सिकोमा भएको पहिलो अन्तर्राष्ट्रिय महिला सममेलनमा नेपाली महिला प्रतिनिधि मण्डलले भाग लिएको थियो । सन् १९८० मा कोपनहेगनमा भएको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा नेपाली महिलाहरूले भाग लिई ऐक्यबद्धता जनाएको थियो । सन् १९८२ मा स्थानीय विकास मन्त्रालय अन्तर्गत महिला विकास शाखाको गठन भयो, *(श्रेष्ठ र अन्य, २०६७, पृ. १४)*।

यसैगरी वि.सं. २०४६ को जनआन्दोलनको परिणामस्वरूप एकदलीय पञ्चायती व्यवस्थाको अन्त्य भई राजनीतिक अधिकार नेपालीले प्राप्त गर्न सक्ने वातावरण सिर्जना भयो । वि.सं. २०४७ को संविधानले लैङ्गिकताका आधारमा महिला र पुरुषमा कुनै पनि भेदभाव नगर्ने

कानुनी मान्यताको स्थापन गरायो । अर्कातिर प्रतिबन्धित रूपमा रहेका महिला सङ्गठनहरू खुल्ला हुन सके । जनआन्दोलनको भाग दुई (२०६२/०६३) पश्चात् नेपालमा विभिन्न क्षेत्रहरूमा सुधार भएका छन् । नेपालको अन्तरिम संविधान २०६३ ले महिलाको भेदभाव विरुद्धको हक, प्रजनन स्वास्थ्य सम्बन्धी हक, हिंसा विरुद्धको हक र पैतृक सम्पत्तिको हकको व्यवस्था गरेको छ । यसमा परम्परागत रूपमा रहँदै आएका विभेदको अन्त्य गरिएको छ । लैङ्गिक समानता कायम गर्ने ऐन २०६३, घरेलु हिंसा, कसुर र सजायँ ऐन २०६६ पछिल्लो समयमा जारी भएका छन् । यी सबै महिला आन्दोलनको परिणमका रूपमा लिन सकिन्छ । मुलकी ऐनको १२ औं संशोधनमार्फत सम्पत्ति कानुन, गर्भपतन, यौनजन्य हिंसा, विहेवारी आदि कानुनमा सुधार गरिएको छ, *(श्रेष्ठ र अन्य, २०६६, पृ. ४)* ।

यसप्रकार विकसित हुँदै आएको लैङ्गिक अध्ययन वर्तमान समयमा अत्यन्त लोकप्रिय र व्यापक बन्दै गएको छ । साहित्य अनुसन्धानका साथै अन्य सरकारी निकायहरूमा समेत जेण्डर वा Women Cell हरू स्थापना भएका छन् र सबै कार्यक्रमहरूमा जेन्डरलाई प्राथमिकताका साथ समावेश गरिन लागेका छन् ।

## लैङ्गिक भूमिका

लिङ्गको आधारमा विद्यमान नारी र पुरुषको भूमिकालाई लैङ्गिक भूमिका भनिन्छ । लिङ्गद्वारा परिभाषित भूमिका संसारभरि एकै प्रकारको हुन्छ । जस्तै नारीले बच्चालाई आफ्नो दुध खुवावउँछिन भने पुरुषले नारीलाई गर्भधारण गराउँछन् । यसको विपरीत समाजद्वारा निर्धारित महिला र पुरुषको भूमिका समाजका परम्परा, संस्कृति र अन्य स्थितिअनुसार भिन्नाभिन्नै हुन्छ । त्यस्तै समय र परिस्थिति अनुसार लैङ्गिक भूमिका बदलिन पनि सक्छ । समाजद्वारा बनाइएका पुरुष र महिलाले गर्नुपर्ने कार्य विभाजनलाई लैङ्गिक भूमिका भनिन्छ । यो विभाजन प्राकृतिक नभई समाजद्वारा बनाइएका व्यवहार हुन् । महिलालाई घरको सबै काम गर्नुपर्ने र पुरुषलाई घर बाहिर नोकरी, व्यापार, खेतीपाती गर्नुपर्ने कार्यहरू विभाजन गरिएको हुन्छ, *(श्रेष्ठ र अन्य, २०६६, पृ. ५)* ।

कुनै पनि समाजमा परम्परा संस्कृति, रीतिरिवाज, चालचलन आदिद्वारा महिला वा पुरुषको व्यवहार वा भूमिकाको अपेक्षा गरिएको हुन्छ । यस्ता व्यवहारहरू सामाजिक तथा सांस्कृतिक रूपले निर्माण हुने गर्दछ । तथापि हाम्रो समाजमा यस्ता व्यवहारहरू पनि जन्मजात नै निर्धारण गरिएको हुन्छ भन्ने भ्रम अध्यावधिक पाइन्छ । प्रत्येक समाजमा महिला र पुरुषहरू विभिन्न क्षेत्रमा कार्यरत हुन्छन् र उनीहरूको छुट्टै प्रकारको भूमिका हुन्छ । यसरी सामाजिक मूल्य र मान्यताको

आधारमा महिला र पुरुषले निर्वाह गरिरहेको भूमिकालाई लैङ्गिक भूमिका भनिन्छ । सामान्यतयाः लैङ्गिक भूमिकालाई निम्न बमोजिम देखाउन सकिन्छ, *(श्रेष्ठ र अन्य, २०६६, पृ. ५-६)* ।

(क) उत्पादक भूमिका :

उत्पादक भूमिका अन्तर्गत खेतीमा काम गरेर अन्न उत्पादन गर्नु, जागिर वा व्यापार व्यवसायबाट सम्पत्ति आर्जन गर्नु आदि कार्य पर्दछन् । यी कार्यहरूमा उत्पादकत्व हुन्छ र यिनीहरूको आर्थिक महत्त्व रहेको हुन्छ । यसरी उत्पादन भएका वस्तु तथा सेवा बजारमा किनबेच गर्न सकिने भएकोले नै यसको महत्त्व भएको हो । महिला र पुरुष दुवैले यो भूमिका निर्वाह गरे तापनि यस्ता कार्यहरूमा विशेषतः पुरुषकै बाहुल्य देखिन्छ ।

(ख) अनुत्पादक भूमिका :

अनुत्पादक कार्य अन्तर्गत आर्थिक उपार्जन हुन नसक्ने कार्यहरू पर्दछन् । यी कार्यहरू घरपरिवारका लागि अति आवश्यक कार्य हुन् । जस्तै खाना पकाउने, बच्चा जन्माउने, हुर्काउने, परिवारका सदस्यहरूको स्याहार-सम्भार, दाउरा, घाँस, लुगाधुने आदि कार्यहरूलाई यस क्षेत्रमा समावेश गरेको हुन्छ । प्रायः जसो यस्ता प्रकारका कार्यहरू महिलाले बढी मात्रामा गर्ने गर्दछन् ।

(ग) सामुदायिक राजनीतिक भूमिका :

शक्ति र पहुँचको प्रयोगबाट समुदायमा गरिने कार्यहरू यस क्षेत्रमा पर्दछन् । यस्ता कार्य आर्थिक र सामाजिक उन्नतिसँग गाँसिएको हुन्छ । जस्तै राजनीतिक क्रियाकलापमा संलग्न भई चुनाव लड्नु र लडाउनु, आफूसँग भएको शक्ति प्रभावको प्रयोगबाट समुदायमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु, निर्णय गराउनु जस्ता सामुदायिक राजनीतिक क्रियाकलाप हुन् । प्रायः यस्ता कार्य समाजमा पुरुषबाट बढी मात्रामा निर्वाह गरिएका हुन्छन् । यस प्रकारका कार्यहरूमा महिलाको सहभागिता र पहुँच कम हुन्छ ।

(घ) सामुदायिक सामाजिकीकरण :

समुदायमा एक अर्को परिवारमा मर्दापर्दा सहयोग गर्ने र चाडपर्व तथा पूजाआजामा सामुहिक कार्यको आयोजना गर्ने कार्यहरू यस भूमिका अन्तर्गत पर्दछन् । जस्तै विवाह भोजभतेरमा एक अर्कोलाई सहयोग गर्ने, सामुहिक रूपमा पूजाआजा गराउने, दशैं, तिहार, छठ पर्व आदि जस्ता चाडपर्व मनाउने आदि, *(चौलागाई र अन्य, २०६०, पृ. ५)* ।

लैङ्गिक भूमिका र उत्तरदायित्वहरू विभिन्न समाज तथा संस्कृति अनुसार फरक हुन्छन् । साथै समयअनुसार फरक हुँदै जान्छन् । सहरी क्षेत्रहरूको तुलनामा ग्रामीण क्षेत्रका महिलाहरू बढी

पीडित र शोषित रहेका पाइन्छन् । माथिका यी भूमिकाहरू निर्वाह गर्न महिला पुरुष दुवैको समान पहँच र सहभागिता आवश्यक पर्दछ ।

## लैङ्गिक समानता र समता

मानव जन्मदा पुरुष अथवा महिलाको स्वरूप लिएर आएको हुन्छ । महिला र पुरुष छुट्याउने आधार उसको 'Sex Organ' हो । महिला पुरुषबिचको शारीरिक भिन्नता जन्मजात भिन्नता हो । सामाजिक लिङ्गभेद समाजद्वारा बनाइएको हुन्छ र यसलाई परिवर्तन गर्न सकिन्छ । यो सामाजिक संरचना र सामाजिकीकरण प्रक्रिया र संस्कृतिमा आधारित हुन्छ । साथै देश, काल, परिस्थिति, जातजाति, आर्थिक एवं भौगोलिक अवस्था अनुसार फरक फरक हुन्छ । महिला र पुरुष भएकै नाताबाट समुदायले निर्धारित कामहरूको वर्गीकरणलाई हटाई आर्थिक, सामाजिक एवं राजनीतिक लगायत सम्पूर्ण क्षेत्रमा पुरुष समान हैसियत स्थापित गर्न अवलम्बन गरिने सामाजिक मूल्य र मान्यता, मनोवृत्ति, दृष्टिकोण र व्यवहार नै लैङ्गिक समानता हो ।

सामान्य अर्थमा लैङ्गिक समानता भन्नाले महिला र पुरुष समान हुनुपर्छ भन्ने बुझ्न सकिन्छ । सबै क्षेत्रमा पुरुषसरह महिलाले समान अवसर र समान लाभ हासिल गर्ने अवस्था नै लैङ्गिक समानता हो । हाम्रो समाजको संरचनागत रूपमा लैङ्गिक असमानता विद्यमान छ । जुन लैङ्गिक भूमिकाले निम्तयाएको छ । महिला वा पुरुष जुन पछाडि छ त्यसलाई उकासेर समाजमा ल्याउनु लैङ्गिक समानता हो । सामान्यतया पुरुषभन्दा महिलालाई समान अधिकार दिनुपर्छ भन्ने मान्यता लैङ्गिक समानता हो । साधारण अर्थमा भन्नुपर्दा लैङ्गिक समानता भन्नाले महिला र पुरुषको लागि एकै तह, अधिकार र उत्तरदायित्व हो । यसले लैङ्गिक भेदभाव विना अन्य सबै क्षेत्रमा बराबर सहभागिताको माग गर्दछ ।

समानतालाई परिस्थिति अनुसार फरक फरक व्यक्तिले फरक फरक किसिमले अर्थ्याउने गरेको पाइन्छ । एरिस्टोटलले समान व्यक्तिहरूबिच समान व्यवहार र असमान व्यक्तिहरूबिच असमान व्यवहार नै समान हो भनेका छन् । त्यस्तै व्यञ्जल लकले प्रत्येक व्यक्ति स्वतन्त्र एवं समान छन् र कसैलाई पनि अरू इच्छानुसार मानव प्रणालीलाई स्वाभाविक रूपमा समान र उचित व्यवहार गर्नुपर्ने कुरामा जोड दिएका छन् । जे.एस.मिलले समानतालई मानवीय प्रतिष्ठा र सामुदायिक रचित व्यवहारका अन्तरसम्बन्धको रूपमा लिएका छन्, *(श्रेष्ठ र अन्य, २०६६, पृ. २३-२४)* ।

समग्रमा भन्नुपर्दा लैङ्गिक समानताले महिला र पुरुषबिच जैविक लैङ्गिक विभेद जुन अपरिवर्तनीय छ त्यस बाहेक समाजले निर्धारण गरेका भूमिकामा बराबर हैसियत कायम गर्न अवलम्बन गरिने मूल्य, मान्यता, दृष्टिकोणलाई बुझाउँछ ।

लैङ्गिक समता भन्नाले महिला र पुरुषलाई समान रूपबाट हेर्ने विशेषतालाई बुझाउँछ । समता समानतालाई व्यक्त गर्ने प्राकृतिक अवस्था हो । समता भनेको त्यस्तो समानता हो जसलाई नैसर्गिक रूपमा प्राप्त गर्न सकिन्छ र गरिएको छ । प्राकृतिक संरचना अनुरूप महिला र पुरुषबिचमा सहअस्तित्व र समान एक विवेकशील व्यवहार कायम हुनु नै लैङ्गिक समता हो । कतिपय विद्वानहरूले समता र समानतालाई पर्यायवाची शब्दका रूपमा पनि हेरेको पाइन्छ । तर समता र समानताकाबिचमा भिन्नता पाइन्छ । साधारणतया लैङ्गिक समताले न्याय, निष्पक्षता तथा उचित व्यवहार झल्काउँछ । महिला र पुरुषबिचमा रहेका असमानताहरूको नैसर्गिक न्याय नै लैङ्गिक समता हो भने महिला र पुरुषबिचमा समान वितरण, पहुँच, नियन्त्रण, बराबर अधिकार लैङ्गिक समानता हो । यसकारण समानता लक्ष्य हो भने समता लक्ष्य प्राप्ति गर्नका लागि अपनाएको प्रक्रिया हो । महिला र पुरुषका आ-आफ्नो प्रकृति क्षमतानुसार समान व्यवहार गरिनु समता हो । समाजमा व्याप्त रहेका आर्थिक, सामाजिक, राजनीतिक, शैक्षिक, कानुनी आदि आधारमा महिला र पुरुषबिचमा समान दृष्टि राख्नु, जाति, धर्म, भाषा, लिङ्ग र वर्णका आधारमा असमान व्यवहार नगरिनु समानता हो ।

लैङ्गिक समताको अर्थ महिला र पुरुषबिचमा उचित न्याय हुन्छ भने लैङ्गिक समानताको नैसर्गिक अधिकार र अवसर हुन्छ । लैङ्गिक समता भनेको लैङ्गिक समानताको माध्यम हो जसको अनुपस्थिति र लैङ्गिक समानताको उपस्थितिमा विकास क्षणिक र अल्पकालीन मात्र हुने गर्दछ । कतिपय समाजशास्त्रीहरू समानताले वास्तविक असमानताको सिर्जना हुन सक्ने कुरालाई औंल्याएका छन् । उनीहरूका अनुसार समानताले जैविक फरकपनलाई वेवास्ता गरी महिला र पुरुष समान भएकाले आर्थिक, राजनीतिक, शैक्षिक आदि सम्पूर्ण क्षेत्रमा समान अधिकार र अवसर हुनुपर्छ भन्ने धारणा राख्ने हुँदा कहिलेकाहीँ व्यावहारिक वा सामाजिक रूपमा असमानताको स्थिति सिर्जना पनि हुन सक्छ भन्छन् । यस प्रकार निचोडमा महिला र पुरुषका आ-आफ्ना आवश्यकताहरूका आधारमा प्रदान गरिएको विवेकपूर्ण समानताले नै नारी र पुरुषको समता सम्भव छ ।

## सशक्तीकरण

सशक्तीकरण शब्द अङ्ग्रेजीको इम्पावरमेन्ट (Empowerment) भन्ने शब्दको नेपालीकरण हो । साधारण अर्थमा सशक्तीकरण भन्नाले शक्तिशाली बनाउने भन्ने अर्थ लाग्छ । अर्थात् जसमा शक्ति छ, त्यसले कम्जोरलाई शक्तिशाली बनाउने अर्थ लाग्न सक्छ । सशक्तीकरण शब्द सन् १९८० को दशक यता धेरै प्रचलित हुँदै आएको पाइन्छ । विशेष गरी महिला उत्थानका लागि संघर्षरत महिलाहरूले यसलाई अघि बढाएका तथ्यहरू पाइन्छन् ।

विभिन्न सामाजिक शोषण र कुसंस्कारले ग्रसित महिलाहरूलाई मुक्ति दिलाउने उद्देश्यले सशक्तीकरण शब्दको प्रयोग भएको पाइन्छ । त्यसैले सशक्तीकरण कार्यक्रममा महिलाहरू भित्र रहेका हीनभावनाहरू हटाउने खालका गतिविधिहरू समावेश भएका देखिन्छन् । यस अर्थमा मौनताबाट मुक्त भई सक्रिय आवाज उठाउन सक्ने सक्षम महिला जन्माउनु नै सशक्तीकरण हो ।

विभिन्न ज्ञाताहरूले सशक्तीकरण शब्द र अवधारणालाई पनि आ-आफ्ना किसिमले व्याख्या गरेका छन् । कसैले महिला भएकै कारण सामाजिक, आर्थिक र राजनीतिक क्रियाकलापमा पछाडि परेकालाई अगाडि ल्याउने प्रक्रिया नै सशक्तीकरण हो भनेका छन् त कसैले आफूलाई आफ्नो वशमा राख्न सक्ने क्षमताको वृद्धि गर्नुलाई सशक्तीकरण भनेको पाइन्छ । त्यस्तै कसैले आफ्नो आवश्यकता पुरा गर्न सक्ने क्षमता हुनुलाई सशक्तीकरण ठानेका छन् ।

फ्रेरे (सन् १९९०) का अनुसार "सशक्तीकरण गर्दा व्यक्तिको आलोचनात्मक सचेतनाको विकास हुन्छ", *(श्रेष्ठ र अन्य, २०६६, पृ. ३८-३९)*।

रापापोट (१९८१) को विचारमा "सशक्तीकरण भनेको क्षमता नभएकालाई सहयोग गर्ने धारणा होइन, बरु उनीहरूलाई आफ्नो अधिकार र कर्तव्यको बोध गराउनु र विभिन्न कार्यक्रममा सहभागी गराउनु हो । तर सशक्तीकरण भनेको कसैमाथि आफ्ना शक्तिको प्रयोग गर्नु होइन बरु आत्म शक्ति बढाउनु हो", *(श्रेष्ठ र अन्य, २०६६, पृ. ३९)*।

भारतीय समाजशास्त्री कमला भासिनले पनि यस कुराको समर्थन गर्दै भनेकी छिन्- "Empowerment,eans the enhancement of self aspect, self dignity, self reliance and goin control over resources." *(श्रेष्ठ र अन्य, २०६६, पृ. ३९)*।

यसरी महिला सशक्तीकरणलाई परिभाषित गर्ने प्रयास विभिन्न रूपमा भएको पाइन्छ । महिला सशक्तीकरण महिलाहरूको सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक र मनोवैज्ञानिक समस्यासँग समबन्धित रहेको पाइन्छ ।

निष्कर्षमा भन्नुपर्दा महिला सशक्तीकरण भन्नाले महिलाहरूमा अन्तर्निहित सामर्थ्यको बोध हुन गई उनीहरूभित्र लुकेको ज्ञान, सीप र क्षमतालाई आफ्नो हक, हित र अधिकारका लागि समाजमा विद्यमान कुरीति र भेदभाव विरुद्ध लडन सक्ने क्षमताको विकास हुनु नै महिला सशक्तीकरण हो ।

## जेन्डरको भाषा

जेन्डरको भाषा भन्नाले जेन्डरको अध्ययनमा प्रयोग हुने अथवा महिला र पुरुषलाई सम्बोधन गर्ने भाषा भनी बुझ्न सकिन्छ । यस्ता शब्दावलीको प्रयोग समाजशास्त्री र मानवशास्त्री

तथा अन्य विभिन्न प्रसङ्गमा भएको पाइन्छ । ती प्रयोग गरिएका भाषाहरूले विशेष अर्थ परिभाषित गरेका हुन्छन् । विश्व सामाजिक तथा सांस्कृतिक परिवेशहरू विभिन्न परम्परागत संस्कार, वेद, उपनिषद्, पुराण तथा धर्मग्रन्थहरूको प्रभावबाट विकासित हुँदै आएको हो । जसका आधारमा महिलाहरूलाई प्रशंसा सँगसँगै निन्दा पनि गरिएको पाइन्छ । प्रशंसा यस आधारमा गरिन्छ जति बेला महिलाहरू समाजले चाहेका मूल्यहरू, आदर्श, नम्र, लजालु, सहनशीलता, रूपवती, दुःख, कष्टमा समेत नबोल्ने, घरपरिवारको सेवामा जीवन समर्पण गर्ने यस्ता महिलालाई आदर्श महिलाको रूपमा लिई उच्च प्रशंसा गरिएको पाइन्छ । यस्तो परिवेशमा महिलामाथि हुने दमन तथा शोषणलाई समाजले महसुस गरेको देखिंदैन । यसरी नै युगौंदेखि चलिआएका कुसंस्कार, कुरीति महिला विकासमा अवरोध भएका छन् । जुनसुकै समाजमा पनि महिला र पुरुषबिचमा प्रयोग हुने भाषाहरूमा पुरुषभन्दा महिलाहरू नै बढी तल्लो स्तरका भाषाबाट परिचित छन् । महिलालाई जहिले पनि पुरुषको सहयोगीको रूपमा हेर्ने गरिन्छ । सायद यसै परिवेशमा होला, कुनै पुरुष पतिले आफ्नी पत्नीलाई 'अर्धाङ्गिनी'को रूपमा पहिराएको, *(चौलागाई र अन्य, २०६०, पृ. ३६)* ।

साहित्यिक क्षेत्रमा पनि पुरुष पात्रभन्दा महिला पात्रहरू सहायक, उपेक्षित, कमजोर र अझ भनौं दोस्रो दर्जाको रूपमा पाइन्छन् । हाम्रो समाजमा पुरुषहरूलाई सम्बोधन गर्ने शब्दहरूमा हजुरबुबा, बुबा, काका, मामा, श्रीमान्, बुढा, केटा, छोरा, लोग्ने, दाइ, भाइ, ससुरा आदि पाइन्छन भने महिलाहरूलाई सम्बोधन गर्ने शब्दहरूमा हजुरआमा, आमा, काकी, छोरी, बुहारी, केटी, श्रीमती, सासु, आइमाई, स्वास्नी, अर्धाङ्गिनी, बुढी, गृहिणी आदि पाइन्छन् । महिलाहरूबाट पुरुषलाई सम्बोधन गर्दा हजुर, तपाईं शब्द प्रयोग गरिन्छ तर पुरुषहरूले महिलाहरूलाई तिमी, तँ, जस्ता शब्दहरूले सम्बोधन गरेको पाइन्छ । त्यस्तै घरपरिवारमा पनि छोरालाई तिमी र छोरीलाई तँ शब्दले बोलाइन्छ । यी सबै लैङ्गिक भेदभाव हुन् । लैङ्गिक भाषामा महिला र पुरुषलाई प्रयोग गर्ने भाषामा समानता हुनुपर्दछ र उनीहरूलाई हेर्ने दृष्टि पनि निष्पक्ष हुनुपर्दछ ।

औपचारिक र अनौपचारिक दुवै कार्यक्रममा महिला र पुरुषलाई सम्बोधन गर्ने शब्दहरूमा भिन्नता पाइन्छ तर दुवैमा भिन्नता प्रयोग नगरी जेन्डर संवेदनशील शब्दहरूको प्रयोग गर्नुपर्छ । जुन शब्दहरू निम्न छन्,

– सभा, सम्मेलन आदिमा सम्बोधन गर्दा महिला तथा सज्जनवृन्दको सट्टा 'दिदीबहिनी तथा दाजुभाइ' भनेर सम्बोधन गर्ने,

– श्रीमान्/श्रीमती/सुश्रीको सट्टा 'श्री' को प्रयोग गर्ने,

– मान्छेको सट्टा 'व्यक्ति' प्रयोग गर्ने,

- जनशक्तिको सट्टा 'मानवीय स्रोत' प्रयोग गर्ने,
- सभापतिको सट्टा 'सभाध्यक्ष' भनेर सम्बोधन गर्ने,
- पिछडिएका महिलाको सट्टा 'पछाडि परेका महिला' भन्ने,
- आइमाईको सट्टा 'महिला' शब्दको प्रयोग गर्ने,
- सहकर्मीबिच सर, मेडेम, मिसको सट्टा, दिदी, बहिनी, दाजुभाइ वा नाममा 'जी' जोडेर सम्बोधन गर्ने ।
- महिला शिक्षिकाको सट्टा 'महिला शिक्षक'को प्रयोग गर्ने,
- बिचरा, अवला, निरीह आदि जस्ता शब्दहरू महिलालाई प्रयोग नगरी सकारात्मक शब्दको प्रयोग गर्ने,
- बायोडाटामा 'आमाबाबु' दुबैको नाम राख्ने, *(लैङ्गिक समविकास शिक्षा, वर्ष ११, अङ्क ११, २०६७, पृ. ८७-१०२)* ।

यसरी लैङ्गिक अध्ययनले महिला र पुरुषबिचको सामाजिक भूमिका र सम्बन्धको व्याख्यालाई जोड दिन्छ । यसरी लैङ्गिक दृष्टिकोणले महिला र पुरुषबिचको भूमिकालाई विश्लेषण गर्ने हो भने एकातर्फबाट महिला सहभागिताको आवश्यकता देखिन्छ भने अर्कोतर्फबाट हेर्दा पुरुषको सहभागिता र आवश्यकता देखिन्छ । वास्तवमा हाम्रो दृष्टि वा हेराई भनेको हाम्रा दुई आँखाले जे देख्छन् त्यसको मेल/योग हो । लैङ्गिक दृष्टिकोण भनेको महिला र पुरुष दुवैलाई हेर्ने समान दृष्टि हो । लैङ्गिक दृष्टिकोणलाई आफ्ना नियमित क्रियाकलापहरूमा एउटा विधिका रूपमा प्रयोग गर्ने प्रक्रिया हिजोआज विभिन्न सरकारी तथा गैह्रसरहारी संस्थाहरूमा लोकप्रिय हुँदै आएको छ । राजनीतिक सहभागिता, रोजगार र स्वास्थ्यको स्थितिमा महिलाको अवस्थामा सकारात्मक परिवर्तन भएका छन् । स्रोतमाथि महिलाको स्वामित्वको दर बढिरहेको छ । तर पनि पुरुषको तुलनामा महिलाको स्थिति पुगेको अवस्था छैन । यसरी पुरुष सरह महिलाको सहज पहुँच बढाउन लैङ्गिक दृष्टिकोणलाई मध्यनजर राख्दै तालिम, गोष्ठी सञ्चालन गर्दा महिला सहभागितालाई प्राथमिकता दिने, वार्षिक बैठक तथा सामुदायिक विकास जस्ता कार्यक्रममा महिलालाई प्राथमिकतामा राखेर पुरुष सरह सहभागी गराउने हो भने लैङ्गिक असन्तुलनलाई हटाउन सकिन्छ ।

# अध्याय तिन

## अनुसन्धान विधि

### अनुसन्धान ढाँचा

उपन्यासको विश्लेषणसँग सम्बन्धित यस अनुसन्धानमा छनोट गरिएको शीर्षक तथा सोसँग सम्बन्धित अध्ययन सामग्रीहरू समेतका आधारमा यस अनुसन्धानमा मूलतः पुस्तकालयीय सामग्रीहरूको उपयोग गरिएको छ । ती शोधात्मक सामग्रीहरूको वर्णन पश्चात् विश्लेषण र व्याख्या गरी पुस्तकालयीय विधि अन्तर्गत वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाउँदै प्रस्तुतीकरण गरिएको छ ।

### जनसङ्ख्या तथा नमुना

यस अनुसन्धानमा उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालद्वारा लिखित 'मोदिआइन' नामक उपन्यासलाई जनसङ्ख्या तथा उपन्यासका पात्रहरूलाई नमुनाको रूपमा लिइएको  छ ।

### नमुना छनोट विधि

यस अनुसन्धानमा प्रयोजनमूलक तथा निर्णयात्मक नमुना छनोट प्रविधि अपनाई नमुना छनोट गरिएको छ ।

### तथ्याङ्क सङ्कलनका स्रोत

यस अनुसन्धानमा साझा प्रकाशनद्वारा मुद्रित विश्वेश्वरप्रसाद कोइरालाको 'मोदिआइन' उपन्यासलाई प्राथमिक स्रोत र लैङ्गिक विषयसँग सम्बन्धित पाठ्यपुस्तक, शोधप्रतिवेदन, सन्दर्भ पुस्तक, पत्रपत्रिका, इन्टरनेटबाट प्राप्त सामग्रीहरू, कार्यपत्र, शोध निर्देशकको निर्देशन आदिलाई द्वितीय स्रोतका रूपमा उपयोग गरिएको छ ।

### तथ्याङ्क सङ्कलनका साधन

यस अनुसन्धानमा आवश्यक तथ्याङ्क सङ्कलनका लागि टिपोट पत्र, इन्टरनेट, टेलिफोन आदि साधनको उपयोग गरिएको छ ।

### तथ्याङ्क सङ्कलन विधि

यस अनुसन्धानमा तथ्याङ्कको सङ्कलनमा आवश्यकता अनुसार सम्बद्ध विषयका विद्वान् र विशेषज्ञहरूसँग परामर्श तथा अन्तर्वार्ता र अवलोकन विधिको प्रयोग गरिएको छ ।

## तथ्याङ्क विश्लेषण विधि

यस अनुसन्धानमा प्राप्त तथ्याङ्कहरूलाई अनुसन्धान शीर्षकसँग सम्बद्ध गरी उचित वर्णन गरिएको छ । सङ्कलित सामग्रीको अध्ययन र प्रशोधन, सम्पादन, व्यवस्थापन, वर्णन, वर्गीकरण तथा सङ्गठन पश्चात् आवश्यकताअनुसार वर्णन र विश्लेषण गरिएको छ ।

## अध्याय चार

## व्याख्या तथा विश्लेषण

### मोदिआइन उपन्यासको लैङ्गिक अवस्थाको अध्ययन

विश्वेश्वरप्रसाद कोइरालाको जन्म वि.सं. १९७१ साल भाद्र २४ गतेका दिन पिता कृष्णप्रसाद कोइराला र माता दिव्या कोइरालाको गर्भबाट भारतको वाराणसीमा भएको हो । कोइरालाको न्वारनको नाम चूणामणि भए तापनि यिनलाई विश्वेश्वर बाबाको प्रसाद ठानेर विश्वेश्वरप्रसाद भनिएको हो । उनका कथा, उपन्यास, कविता, आत्मवृत्तान्त एवं राजनीतिक सिद्धान्तका विचारमूलक लेख रचनाहरू प्रकाशित भएका छन् । उनको मृत्यु वि.सं. २०३९ साल श्रावण ६ गते काठमाडौँमा भएको हो, *(पौड्याल, २०६३, पृ. ५९)*।

नेपाली राजनीति र साहित्य दुबैका माध्यमबाट सर्वाधिक चर्चाको शिखरमा पुगेका कोइरालाले भारतको वनारसबाट बी.ए., बी.एल.सम्मको शिक्षा प्राप्त गरेका थिए । जीवन इच्छालाई साहित्यिक उद्देश्य र विषय इच्छालाई राजनीतिक उद्देश्य स्वीकार्ने कोइरालाले जीवनमा दुबै क्षेत्रमा उत्तिकै सफलता प्राप्त गरेका छन् । समाजवादी राजनीतिका प्रखर चिन्तक कोइराला युगान्तकारी नेपाली साहित्यका स्रस्टा हुन् । कथा साहित्यमा आधुनिकता प्रदान गर्ने, मनोवैज्ञानिक लेखनलाई अघि सार्ने तथा उनको वैचारिक उपन्यास लेखनले आधुनिक नेपाली उपन्यासमा नवीनता थपेको छ । उनका जम्मा ६ वटा उपन्यासहरू प्रकाशित भएका छन्,

तीनघुम्ती (२०२५)

नरेन्द्रदाइ (२०२६)

सुम्निमा (२०२७)

मोदिआइन (२०३६)

हिटलर र यहुदी (२०४०)

बाबु, आमा र छोरा (२०४५)

कोइरालाले उपन्यासहरूमा मानवीय मनोविश्लेषण, नारी समस्या, अतृप्त चेतना, विसङ्गतिवादी स्वर र दमित यौन भावना जस्ता विषयलाई खोतलेर विश्लेषण गर्ने काम गरेका छन् ।

लैङ्गिक अध्ययन महिला र पुरुष दुबैको अध्ययनको विषय हो । यसमा महिला र पुरुष दुबैको सामाजिका तथा सांस्कृतिक भूमिकाको अध्ययन गरिन्छ । लैङ्गिक अध्ययन सामाजिक

विषयमा देखापरेको नयाँ विषय हो । जसले सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, शैक्षिक, प्राविधिक आदि पक्षहरूमा महिला र पुरुष दुबैको भूमिका, विचार, व्यवहार, दृष्टि, आदर्श अवस्थाको अध्ययन विश्लेषण गर्दछ । यदि महिलाको सामाजिक लगायत अन्य स्थानमा पुरुषको भन्दा कम स्थान वा भूमिका भए त्यसका कारणहरूको खोजी गर्दै पुरुष सरह महिलाको हैसियत कायम गराउन विभिन्न प्रयास गर्दछ । यसरी लैङ्गिक अध्ययन मानवतामुखी, समतामुखी रहेको स्पष्ट हुन्छ, *(श्रेष्ठ र अन्य, २०६६, पृ. ५)* ।

महिला र पुरुष दुबैको सहयात्राद्वारा लैङ्गिक समतामूलक, उन्नत र समृद्ध समाजको निर्माण हुन सक्दछ । यसरी हेर्दा लैङ्गिक अध्ययन एउटा व्यापक क्षेत्र बोकेको विषय हो जसमा समतामा आधारित समाजका लागि समाजमा लैङ्गिक सम्बन्धसँग सरोकार राख्ने सबै पक्षको अध्ययन गरिन्छ । प्रस्तुत अध्ययनको उद्देश्य 'मोदिआइन' उपन्यासको लैङ्गिक अध्ययन रहेकोले विश्लेषण क्रममा मोदिआइन उपन्यासको लैङ्गिक अवस्थाको भूमिकापरक, चरित्रपरक, विचारपरक, भाषापरक आधारमा विश्लेषण गरिन्छ ।

## लैङ्गिक दृष्टिकोणका आधारमा भूमिकापरक अध्ययन

लिङ्गको आधारमा महिला र पुरुषको भूमिकालाई लैङ्गिक भूमिका भनिन्छ । लिङ्गद्वारा परिभाषित भूमिका संसारभरि एउटै हुन्छ । जस्तै, गर्भ धारण गर्न सक्ने, बच्चा जन्माउन सक्ने । समाजले व्यक्तिलाई महिला र पुरुष हुनुसँग सम्बन्धित गरेर केही मान्यता, संस्कार, व्यवहार आदिका आधारमा लैङ्गिक भूमिका निर्धारण गरेको हुन्छ, जुन समाजपिच्छे फरक पर्न सक्छ र समय र परिस्थितिअनुसार बदलिन सक्छ । 'मोदिआइन' उपन्यासको भूमिकापरक अध्ययन गर्दा महिला र पुरुषले गर्ने कार्यका आधारमा विश्लेषण गरिन्छ । यस उपन्यासमा प्रमुख रूपमा मोदिआइन, बालक, मिसिरिजी, नारी रहेका छन् भने सहायक पात्रहरूमा मछुवारिन, मोदी, श्रीकृष्ण, अर्जुन, भीम, दुर्योधन, युधिष्ठिर, देवर, पति, तान्त्रिक आदि रहेका छन् । 'मोदिआइन' उपन्यासको भूमिकापरक अध्ययन गर्दा उत्पादक भूमिका, अनुत्पादक भूमिका, सामाजिक, राजनीतिक भूमिकाका आधारमा व्याख्या तथा विश्लेष्ण गरिन्छ ।

### उत्पादक भूमिका

उत्पादनमूलक भूमिकाका आधारमा हेर्दा यो सम्पत्ति आर्जनसँग सम्बन्धित रहेको छ । हाम्रो समाजमा अर्थ कमाउने वा आय आर्जन गर्ने कार्यमा पुरुषको तुलनामा महिलाको अवस्था कमजोर रहेको छ । उपन्यासको प्रमुख पुरुष पात्र मिसिरजीले गर्ने काम उपन्यासमा नखुले तापनि संवाद तथा घटनाक्रमका आधारमा ऊ व्यापारमा संलग्न रहेको देखिन्छ । त्यस्तै अर्को पात्रले पनि सैनिक पेसामा आबद्ध भएर आफ्नो परिवारको पालनपोषण गरेको छ । अन्य पुरुष पात्रहरू कोही

राजनीतिमा संलग्न रहेका छन् भने कोही सैनिकको रूपमा रही आफ्नो उतपादक भूमिका निर्वाह गरेका छन् । उपन्यासकी प्रमुख नारी पात्र मोदिआइनले आफ्नो परिवारको भरणपोषणका लागि आफ्नै घरमा पसल सञ्चालन गरेकी  छे । उसले आफू र विरामी श्रीमानलाई पालनपोषण र घरका लागि आवश्यक पर्ने सम्पूर्ण कुराको व्यवस्था गरेकी छे । त्यसै गरी मछुवारिनले माछा बेचेर आफ्नो जीविका चलाउने गरेको पाइन्छ । यसरी यस उपन्यासमा उत्पादक भूमिकाको रूपमा हेर्दा महिला र पुरुष दुबै संलग्न रहेको पाइन्छ । यसबाट के स्पष्ट हुन्छ भने महिलाहरू पनि आफ्नो जीविका चलाउन पुरुष सरह सक्षम हुन्छन् । लैङ्गिक दृष्टिले उपन्यासमा समाविष्ट पात्रहरूको उत्पादक भूमिकाका बारेमा विश्लेषण गर्दा लैङ्गिक रूपमा समानता देखिन्छ ।

## अनुत्पादक भूमिका

अनुत्पादक भूमिकाका आधारमा हेर्दा पुरुषको तुलनामा महिलाहरूको सहभागिता बढी पाइन्छ । उपन्यासमा अनुत्पादक भूमिकामा मोदिआइनको मुख्य भूमिका रहेको  पाइन्छ । मोदिआइनले आफ्नो रोगी श्रीमानको हेरचाह गर्नु, औषधोपचारको व्यवस्था गर्नु, घरको सरसफाइ गर्नु, लुगा धुनु, खाना बनाउनु, पाहुनाको स्वागत सत्कार गर्नु, पत्नीको भूमिका निर्वाह गर्नु आदि रहेका छन् । त्यस्तै 'नारी' को भूमिका पनि दैनिक घरायसी कामकाज गर्नु नै रहेको छ । महिलाहरूको तुलनामा पुरुषको अनुत्पादक कार्यहरू खासै देखिँदैन । यसरी अनुत्पादक भूमिकामा पुरुषको दाँजोमा महिलाको भूमिका बढी पाइनुले उपन्यास लैङ्गिक दृष्टिले असमान रहेको पाइन्छ ।

## सामुदायिक राजनीतिक सहभागिता

सामुदायिक राजनीतिक भूमिका शक्ति र पहुँच प्रयोग गरी समुदायमा गरिने कार्यहरूसँग सम्बन्धित छ । समाजमा रहेका सामाजिक मूल्य-मान्यता र व्यवहारहरूले महिलाहरू पुरुष सरह स्वतन्त्र हुन सकेका छैनन् । जसका कारण उनीहरूको राजनीतिक तथा सामाजिक हैसियत पनि पुरुषको दाँजोमा कम रहेको छ । एउटै परिवारमा पनि महिला र पुरुष वा छोरा र छोरीबिच असमान व्यवहारहरू पाइन्छन् । यसैगरी राजनीतिक दलमा महिलाको संलग्नता, स्तर, राजनीतिक नियुक्तिमा सहभागिता, जनप्रतिनिधिको रूपमा उम्मेद्वार तथा विजयी अवस्था, सामाजिक निर्णय प्रक्रिया आदिमा पुरुषको तुलनामा महिलाको पहुँच कमजोर रहेको छ, *(आचार्य, २०६७, पृ. २१) ।*

'मोदिआइन' उपन्यासमा सामुदायिक तथा राजनीतिक भूमिकाको रूपमा विश्लेषण गर्दा महिलाको तुलनामा पुरुषको राजनीतिक सक्रियता बढी रहेको पाइन्छ । पुरुष पात्रहरूमध्ये अर्जुन, कृष्ण, पति (सैनिक) प्रत्यक्ष रूपमा राजनीतिक क्रियाकलापमा संलग्न रहेका छन् भने नारी पात्रहरूको राजनीतिक भूमिका स्वतन्त्र रहेको छ । यस उपन्यासमा राजनीतिक दृष्टिबाट हेर्दा

पुरुषको तुलनामा नारीलाई कमजोर र दुर्बल पात्रका रूपमा चित्रण गरिएको छ । जसलाई 'नारी' पात्रका यी भनाईहरूले पुष्टि गर्दछ,

भोलिपल्ट जाने बखतमा मात्र उनले बोले- "प्यारी, बिदा ।"

मैले आफ्ना ठुला-ठुला आँखा आँसुले टम्म भरेर उनीपट्टि उठाएँ, भन्न केही सकिनँ । विदा ! विदा !! के आजसम्म विदा दिन सकेकी छु र ? कति युग, कति कल्प बिते, त्यस बिहान मसँग छुट्टिएर गएका पतिलाई आजसम्म विदा दिन सकेको छैन ।

माथिका यी नारीले व्यक्त गरेका विचारमा पति क्षेत्री जातिको सैनिक भएकोले उसले युद्ध लड्नै पर्छ, त्यही नै उसको धर्म हो । तर 'नारी' पात्रले यहाँ आफ्नो लोग्नेलाई युद्धका निम्ति विदा दिन सकिरहेकी छैन । उसले युगयुग बितिसक्दा पनि आफूले युद्धका निम्ति आफूबाट अलग्गिनका लागि विदा नदिएको कुरा जाहेर गर्दछे ।

यसरी महाभारतकालीन समयमा पुरुषहरू राजनीतिमा संलग्न भई निडरतापूर्वक युद्धमा होमिएका थिए भने नारीहरू युद्धबाट पीडित थिए । राजनीतिमा महिला र पुरुषको समान सहभागिता हुनुपर्छ भनिए पनि प्राचीनकालदेखि नै व्यवहारमा त्यो लागु भएको पाइँदैन । जसको उदाहरण माथिको वाक्यांशबाट थाहा पाउन सकिन्छ । यसरी यस उपन्यासमा सङ्ख्यात्मक रूपमा हेर्दा राजनीतिमा पुरुषको तुलनामा महिला सहभागिता कमै मात्रामा पाइन्छ । लैङगिक दृष्टिकोणबाट हेर्दा सामाजिक राजनैतिक भूमिकामा पुरुषको तुलनामा महिला सहभागिता न्यून रहेकोले लैङ्गिक भूमिकामा असमानता देखिन्छ ।

## लैङ्गिक दृष्टिकोणका आधारमा चरित्रपरक अध्ययन

यस उपन्यासमा प्रमुख पात्रका रूपमा मोदिआइन, 'म' पात्र (बालक), मिसिरजी, नारी, पति, मछुवारिन रहेका छन् । पृष्ठभूमिमा आएका पात्रहरूमा मोदि, श्रीकृष्ण, अर्जुन, भीम, दुर्योधन, युधिष्ठिर, देवर, तान्त्रिक, द्रौपदी, विराटराजा, कर्ण, कुन्ती, शकुनी, भीष्म र सैनिकहरू रहेका छन् । पात्रहरूको यो भीडमा मोदिआइन, नारी, 'म' पात्र (बालक) र मछ्वारिनको प्रमुख भूमिका रहेको कारण यी चार चरित्रलाई यहाँ प्रस्तुत गरिएको छ ।

### मोदिआइन

'मोदिआइन' उपन्यासकी प्रमुख नारी पात्रका रूपमा मोदिआइन रहेकी छ । मोदिआइन पात्रले उपन्यासको बालपात्रलाई सिङ्गो महाभारतको युद्धको कथा सुनाएकी छ । युद्धले मानवको विनास कसरी गऱ्यो, त्यसको इतिवृत्तान्त उसले मानवताको पक्षबाट प्रकट गरेकी छ । यसैलाई उपन्यासकारले औपन्यासिक अभिलेख गराएका छन् ।

मुख्यतः मोदिआइन उपन्यासकी केन्द्रिय पात्र हो । मोदिआइनद्वारा नै उपन्यासको सिङ्गो परिवेश तयार भएको छ । मोदिआइन महाभारतकालीन युद्धदेखि प्रताडित वर्तमान आधुनिक युगसम्मकी प्रतिनिधिमूलक पात्र हो । प्रस्तुत उपन्यासमा ऊबाट व्यक्त भएका प्रत्येक अभिव्यक्तिहरूमा युद्धको जर्जरता अभिव्यक्त भएको पाइन्छ भने भावचेतनाका दृष्टिले उसका अभिव्यक्तिहरूमा युद्ध विरोधी भावहरू रहेको पाइन्छ ।

'मोदिआइन' उपन्यासको शीर्षक नै उपन्यासकी केन्द्रीय चरित्रको नामबाट नामकरण गरिएको हुँदा उपन्यासकार कोइरालाको विचार प्रवाहको मूल अभिव्यक्ति स्वयम् मोदिआइन नै बनेर प्रस्तुत भएको छ । मोदिआइनले प्रस्तुत गरेका युद्ध विरोधी अभिव्यक्तिहरू नै उपन्यासको मूलमर्म बनेर अभिव्यक्त भएको छ ।

मोदिआइनले आफ्नो परिवारको जीविकोपार्जनका लागि भारतको बिहार राज्यको दरभङ्गामा आफ्नै घरमा सानो होटल सञ्चालन गरेकी छे । यसै होटलको आम्दानीले उसले आफ्नो दैनिक गुजारा सञ्चालनका साथै विरामी श्रीमान मोदिको औषधोपचार समेत गरेकी छ । यसरी आर्थिक हैसियत अत्यन्त कमजोर भएकी मोदिआइनको वैचारिक हैसियत उच्च प्रकृतिको देखिन्छ । मोदिआइनका यी तलका भनाइहरूले उसको मानवतावादी भावचेतनालाई दार्शनिक रूपले प्रस्तुत गरेको छ,

मोदिआइनले भनी- "बबुआ, तिमी के गर्छौ, पढछौ कि पढदैनौ ?"

मैले भनें- "पढछु ।"

झुकेर मेरो शिरनेर आफ्नो शिर ल्याएर फेरी सोधी- "के पढ्छै, नानी ?"

"ए... बी... सी... डी,"

"पढेर के गर्छौ ?"

घरमा जसरी मैले भन्ने गरेको थिएँ त्यै निर्धक्कतासँग मैले भनें- "ठूलो मान्छे हुन्छु ?"

उसले फेरि सोधी- "कस्तो ठुलो मानिस ?"

मैले यस्तो प्रश्नको उत्तर जानेको थिइँन । चुप लागेर खाइरहें । उसले नजिकै थचक्क बसेर भनी "ठूला मानिस थरीथरीका हुन्छन् । असल मानिस भने एक थरीका मात्र हुन्छन् । ठूलो हुनपट्टि नलाग्नू, असल हुनपट्टि लाग्नू नानी ।", (कोइराला, २०३६, पृ. १०) ।

उपन्यासकार कोइरालाले 'मोदिआइन' उपन्यासका माध्यमबाट दिन चाहेको मुख्य सन्देश माथिका भनाइहरूबाट अभिव्यक्त भएको छ । "ठूलो हुनपट्टि नलाग्नू, असल हुनपट्टि लाग्नू" गीता

दर्शनप्रतिको असहमति यसै भनाइद्वारा मोदिआइन चरित्रका मुखारबिन्दबाट कोइरालाले जाहेर गरेका छन् ।

उपन्यासकार कोइरालाको मोदिआइन उपन्यास नारी चरित्रप्रधान उपन्यास हो । नारीको चरित्रलाई प्रकाशित गर्ने हेतुले यहाँ नारीलाई नै प्रमुख भूमिका प्रदान गरिएको छ । उपन्यासमा चित्रित तिनवटी नारीहरू मछुवारिन, महाभारतकी नारी र मोदिआइन भित्रका पीडा, व्यथा र दिक्दारीका कुराहरूलाई प्रेमका सापेक्षतामा चित्रित गरिएको छ । उपन्यासकार कोइरालाको साहित्य सिर्जनाको मूल प्रवृत्ति मनोवैज्ञानिक अस्तित्ववादी भएकोले यस 'मोदिआइन' उपन्यासमा मोदिआइन पात्रलाई चेतनशील चरित्रका रूपमा प्रस्तुत गरेका छन्, *(दाहाल, २०६०, पृ. १५८)* ।

लैङ्गिक चेतनाका दृष्टिले मोदिआइन चरित्रको विश्लेषण गर्दा मोदिआइनले उपन्यासमा प्रस्तुत गरेका अभिव्यक्तिहरू वैचारिक दृष्टिले पूर्णरूपमा सशक्त रहेका छन् । उपन्यासकार कोइरालाको विचार प्रवाहको मूल अभिव्यक्ति नै स्वयम् मोदिआइनबाट प्रस्तुत भएकोले मोदिआइन एउटी सचेत नारीको रूपमामा प्रस्तुत भएकी छे । मोदिआइनले प्रस्तुत गरेका विचारहरूले मानवतावादी भावचेतनालाई प्रस्तुत गरेको छ । जुन कुरा माथि उल्लेखित बालपात्र 'म' र मोदिआइनको संवादले पुष्टि गरेको छ । त्यसैले यस मोदिआइन चरित्रमा पूर्ण रूपमा लैङ्गिक चेतना पाइन्छ । त्यस्तै महिला सशक्तीकरणले महिलाहरूमा सामाजिक अन्धविश्वास, कुरीति, अन्याय र अत्याचारका विरुद्धमा आवाज बुलन्द गर्न सामर्थ्य प्रदान गर्दछ । युद्धको समर्थनका निम्ति सुरिएका वीर पुरुष भनाउँदाहरूलाई मोदिआइन चरित्रका माध्यमबाट चोटिलो प्रहार भएको छ । मानवतावाद विरुद्धको क्रियाकलापबाट कहिल्यै सुखदायी भविष्य जन्मन नसक्ने मानवतावादी दर्शन स्वयम् मोदिआइनबाट प्रकट भएकोले सशक्तीकरणका दृष्टिबाट मोदिआइनका अभिव्यक्तिहरु पूर्ण रूपमा सशक्त रहेका छन् ।

## नारी

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको मोदिआइन उपन्यासमा देखा परेको अर्को सशक्त नारी पात्रको नाम 'नारी' हो । नारी कौरव पक्षको एउटा सैनिककी श्रीमती हो । सैनिक र नारीबिचको उत्कृष्ट प्रेमलाई उपन्यासमा देखाइएको छ । महाभारतको लडाइँ हुने कुराले नारीलाई आतङ्कित तुल्याएको छ । मोदिआइनका अतिरिक्त उपन्यासको कथावस्तुलाई नारीले प्रस्तुत गरेकी छे । युद्धले विनास निम्त्याउने भएकोले युद्ध नहोस् भन्ने चाहना नारीको रहेको छ । जवानीको लाउँलाउँ, खाउँखाउँको अवस्थामा पदार्पण गरेकी नारी आफ्नो सिन्दुर र कुटम्ब आदिको रक्षाका लागि युद्ध नहोस् भन्ने चाहना राख्दछे । मानसिक रूपबाट ऊ निकै रुग्ण भएकी छ । प्रत्येक रात पतिको आगमनमा 'युद्ध नहुने भयो' भन्ने समाचार सुन्न ऊ आतुर हुन्छे । तर युद्ध नहुने होइन,

युद्ध हुने भयो भन्ने पतिको भनाइबाट भयभीत भएकी छ । युद्ध निश्चित भइसकेको छ तर पनि युद्धमा कोही हताहत नहुन भन्ने उसको चाहना छ ।

'मोदिआइनले 'नारी' पात्रमा सवार भएर बालपात्र 'म' लाई महाभारतको लडाइँको इतिवृत्तान्त सुनाइरहेकी छ । महाभारतको लडाइँमा कौरब पक्षीय र पाण्डव पक्षीय मात्रै नभएर अन्य कैयौं जीविकोपार्जन गर्ने सामान्य जनता पनि हताहत भएका थिए भन्ने कुरा यहाँ देखाइएको छ । कोइरालाले नाम चलेका योद्धाका मुखारविन्दबाट महाभारतको लडाइँको इतिवृत्तान्त नसुनाई एउटी सामान्य नारीको मुखबाट भन्न लगाएका छन् । यसरी एउटा सामान्यभन्दा सामान्य व्यक्तिको जीवनमा महाभारतको लडाइँले ठुलो आघात पर्न गएको थियो भन्ने कुरालाई एउटा सामान्य व्यक्तिलाई खडा गरेर त्यसको सारा प्रस्तुति उपन्यासमा प्रस्तुत गरिएको छ ।

यसरी लैङ्गिक चेतना र सशक्तीकरणका दृष्टिले 'नारी' पात्रको मूल्याङ्कन गर्दा नारीमा पूर्ण रूपमा लैङ्गिक चेतना पाइन्छ । युद्ध नहोस् र युद्धमा कसैले पनि ज्यान गुमाउनु नपरोस् भन्ने शान्तिको कामना गर्ने मानिसमा रहेको उच्च बौद्धिक चेतना हो । भर्खरै किशोरावस्थामा प्रवेश गरेकी नारीले जीवनवादी र मानवतावादी स्वर बुलन्द गर्न सक्षम रहेकीले नारीका विचारहरू पूर्ण रूपमा सशक्त रहेका छन् । कुनै पनि समस्याको समाधान युद्धबाट हुन सक्दैन भन्ने युद्ध विरोधी आवाजलाई बुलन्द गर्ने काम नारीले गरेको हुँदा नारीले प्रस्तुत गरेका विचारहरूमा चेतना र सशक्तीकरणको प्रयोग भएको पाइन्छ ।

## मछुवारिन

'मोदिआइन' उपन्यास भित्रका तिनवटी नारी चरित्रमध्येकी एउटी नारीचरित्र मछुवारिन पनि हो । मछुवारिन उपन्यासकी स्वैर पात्र हो । मछुवारिन हडाहा पोखरीका डीलमा बसेर माछा बेच्ने व्यवसाय गरेर बसेकी छ । उपन्यासमा मछुवारिनको कथा मोदिआइनले बालपात्र 'म' लाई सुनाएकी छ । मछुवारिन प्राचीन महाभारतकालीन समयकी नारी हो । उसको जीवन पीडा र वेदनाले छट्पटिएको छ । महाभारकालीन समयमा सामान्य नारीहरूले भोग्नु परेको दुःखदायी पीडा र वेदनाको प्रतिनिधिमूलक पात्रको रूपमा मछुवारिनलाई उभ्याइएको छ । जसलाई तलका यी वाक्यांशहरूले पुष्टि गर्दछ ।

तान्त्रिकले बडो गौरसँग मछुवारिनलाई हेऱ्यो । उसलाई लाग्यो कि हाँसोपछिको चेहरा कुनै प्राचीन नारीको छ, जसमा मुख्य भाग वेदनाको मात्र छ । हाँसो मात्र ताजा र अहिलेको, *(कोइराला, २०३६, पृ. १४)*।

उपन्यासमा चित्रित मछुवारिनको हाँसोमा प्राचीन नारीका पीडा र वेदनाहरू सल्किएका देखिन्छन् । तान्त्रिकले पनि मछुवारिनको हँसाइमा अनौठो प्रकृति र प्राचीन नारीको वेदना देख्दछ र फेरी प्रश्न गर्छ,-

उसले बुझे जस्तो गरी सोध्यो “मछुवारिन तिमी किन हाँस्यौ ? को हौ तिमी ?”

मछुवारीनले भनी- “म को हौँ तिमीलाई के चासो”, *(कोइराला, २०३६, पृ. १४)*।

नारीहरू प्राचीन समयदेखि आधुनिक समयसम्म पनि पीडा र व्यथा सहेर बस्न बाध्य छन् भन्ने कुरा मछुवारिनको चरित्रबाट उपन्यासमा प्रस्तुत गरिएको छ । मछुवारिनले आफूभित्र रहेको पीडा र वेदनालाई पुरुष (तान्त्रिक) समक्ष प्रस्तुत नगरी आफैँ सहेर बसेकी छ । बरु उसले आफ्नो बारेमा कसैलाई पनि प्रश्न गर्ने अधिकार छैन भन्ने आशय व्यक्त गरेकी छ । तसर्थ लैङ्गिक चेतना सशक्तीकरणका दृष्टिले मछुवारिन चरित्रको विश्लेषण गर्दा उसमा लैङ्गिक सचेतना पाइन्छ र उसका स्वनिर्णयहरूमा पूर्ण रूपमा सशक्तीकरणको प्रयोग भएको छ ।

**‘म’ पात्र**

‘मोदिआइन’ उपन्यासको मुख्य पात्रको रूपमा बालपात्र ‘म’ रहेको छ । आफ्नो घरको परमहितैषी मिसिरजी कामको सिलसिलामा भारतको दरभङ्गा जाँदा बाल पात्र ‘म’ पनि जिद्धि गरेर मिसिरजीसँगै दरभङ्गा गएको छ । ‘म’ पात्र र मोदिआइनको दरभङ्गामा भेट भएपछि उपन्यासको लक्षित कथाले गति समाउन पुगेको छ । अर्थात यी दुई पात्रद्वारा नै उपन्यासको सिङ्गो परिवेश तयार भएको छ । उपन्यासमा मोदिआइनले बालपात्र ‘म’ लाई सिङ्गो महाभारतको युद्धको कथा सुनाएकी छ । युद्धले मानवको विनास कसरी गर्‍यो, त्यसको इतिवृत्तान्त बालपात्रले मोदिआइनको मुखबाट सुनेको छ । यसैलाई उपन्यासकारले औपन्यासिक अभिलेख गराएका छन् ।

बालपात्र ‘म’ जिद्दी स्वभावको छ । उसले अनेक ढिपी गरेर मिसिरजीसँग दरभङ्गा गएको छ । दरभङ्गा जान ढिपी गर्नु उसको बालसुलभ हठ हो । बालबालिकाहरू जिद्दी स्वभावका हुनु सामान्य हो । ‘म’ पात्र र मोदिआइनबिचको कुराकानीमा मोदिआइनले पढाइ सम्बन्धी प्रश्न गरेको छ । प्रत्युत्तरमा बालकले पढिसकेर ठूलो मानिस बन्ने अभिलाषा प्रकट गरेको छ ।

त्यस्तै अर्को प्रसङ्गमा मोदिआइनले मछुवारिनका आश्चर्य कथा सुनाएपछि उसले प्रश्न गरेको छ -

“मैले भनें- मोदिआइन महाभारतका मानिसहरू त्यतिपछिसम्म बाँच्लान र ? मछुवारिन थी र ?’, *(कोइराला, २०३६, पृ. १६)*।

माथिका यी प्रश्नले बालपात्र 'म' मा उच्च लैङ्गिक चेतनाको विकास भएको पाइन्छ । किनकी कोही पनि साधारण मान्छे युगौंसम्म बाँच्न सक्दैनन् । त्यसैले महाभारतका समयमा भएकी मछुवारिन लडाइँ सकिएको केयौँ वर्षसम्म पनि कसरी बाँच्न सकी ? म पात्रका यी प्रश्न सामयिक र सान्दर्भिक रहेका छन् ।

यसरी लैङ्गिक चेतना र सशक्तीकरणका दृष्टिले बालपात्र 'म' को विश्लेषण गर्दा उसमा लैङ्गिक सचेतता पाइन्छ । एउटा सात-आठ वर्षको बालकले पढेर भविष्यमा ठुलो मानिस बन्ने अभिलाषा राख्नु लैङ्गिक चेतना हो । त्यसैगरी बालकले साधारण मानिस कसरी युगौँयुगसमम बाँच्न सक्छन् भन्ने वैचारिक प्रश्न गर्नु बौद्धिक चेतना हो । उपन्यासमा बालपात्रले प्रस्तुत गरेका संवादहरू तथा उसले गरेका निर्णयहरूमा पूर्णरूपमा सशक्तीकरण प्रयोग भएको छ ।

## लैङ्गिक दृष्टिकोणका आधारमा विचारपरक अध्ययन

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको नेपाली साहित्यको कथा र उपन्यासको क्षेत्रमा अत्यन्त महत्त्वपूर्ण योगदान रहेको छ । कोइरालालाई नेपाली साहित्यका विशिष्ट प्रतिभाका रूपमा मान्न सकिन्छ । कोइराला साहित्य र राजनीति दुबै क्षेत्रमा चर्चित व्यक्तित्व हुन् । नेपाली साहित्य र राजनीति दुबै क्षेत्रमा संलग्न रहेका कोइराला राजनीति र साहित्य दुबैमा उच्च कोटिका व्यक्तित्वको रूपमा चिनिन्छन् ।

उपन्यासकार कोइरालाको जीवनको प्रौढ चिन्तनबाट हासिल गरेको मानवहितार्थ दर्शनको निचोड नै 'मोदिआइन' उपन्यास हो । मोदिआइन, मछुवारिन र नारी तिन युगका तिन पात्रहरूको पीडालाई एकाकार गरेर चित्रण गरिएको छ । नारीहरू युगौंयुगदेखि सुख, शान्ति र प्रणयपूर्ण जीवनसत्यको खोज र प्रतीक्षामा छन् तर जहिले पनि उनीहरूको आकाङ्क्षा बिचमा नै घाइते भएर नासिएको छ । पुरुषहरूसँगको प्रणय सुख र सन्तान प्राप्त गर्न सक्ने आफ्नो क्षमतालाई कुण्ठित गराउँदै आउने यी प्रत्येक युगका युद्धहरूले नारीलाई अतृप्त र घायल बनाएको छ । मानवसभ्यता र मानव अस्तित्वको मूल जरो नारी हो र उसैद्वारा यो सृष्टि अनवरत रूपमा चलिरहेको हुन्छ । तसर्थ नारीको मातृत्वबिना संसारको सृष्टि चल्न रोकिने हुँदा नारी अस्मिताको रक्षा गर्नु मूल आवश्यकता हो भन्ने कुरा कोइरालकाले उपन्यासमा दर्शाएका छन् ।

उपन्यासमा उपन्यासकारले युद्धका समर्थनका निम्ति सुरिएका वीर पुरुष भनाउँदाहरूलाई चोटिलो व्यङ्ग्य प्रहार गरेका छन् । गीता दर्शनको कर्मवादका नाममा मान्छे मारेर धर्म हुन्छ भन्ने कुराको विरुद्धमा यो उपन्यास खडा भएको छ । मानवतावाद विरुद्धको क्रियाकलापले कहिल्यै सुखदायी भविष्य जन्मन नसक्ने मानवतावदी दर्शनलाई उपन्यासकारले कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् ।

'मोदिआइन' उपन्यासमा विश्वेश्वरप्रसाद कोइरालाले मानवतावादी विचार प्रस्तुत गर्ने सन्दर्भमा मानवत्व र ईश्वरत्वका बिचको द्वन्द्व प्रस्तुत गरेका छन् । मान्छेलाई मान्छेकै हैसियतमा राख्नु पर्छ, उसलाई ईश्वरत्व प्रदान गर्नु हुन्न । ईश्वरत्व प्रदान गरेपछि मान्छे, मान्छे नभएर अहङ्कारी, दुष्ट र हिंस्रक बन्छ । भगवान् श्रीकृष्णले अर्जुनमा ईश्वरत्व प्रदान गरेपछि महाभारतको युद्ध मच्चियो । त्यसैले मान्छेले आफ्नो हैसियत बिर्सिएर आफूलाई मान्छेभन्दा ठुलो सम्झेमा विश्वमा विश्वयुद्ध लयायत अनेक हिंसात्मक कुकृत्यहरू हुनसक्छन् भन्ने दार्शनिक अभिव्यक्ति मोदिआइनले प्रस्तुत गरेको छ ।

'मोदिआइन' उपन्यासमा आत्मगत पक्ष र वस्तुगत पक्षबिच भीषण अन्तर्विरोध देखाइएको छ । उपन्यासको सहानुभूति युद्ध विरोधी मोदिआइनतर्फ छ तर यहाँ वस्तुगत रूपमा कृष्ण विजयी बन्न गएका छन् । स्वभावतः यसलाई उपन्यासकारमा विद्यमान अर्को मानसिक अन्तर्द्वन्द्वको परिणाम मान्न सकिन्छ, *(वैद्य, २०७०, असार १५, अन्नपूर्ण पोष्ट, राष्ट्रिय दैनिक)* ।

यसरी 'मोदिआइन' उपन्यासमा विश्वेश्वरप्रसाद कोइरालाले आफ्नो मानवतवावादी भावचेतलाई दार्शनिक रूपमा उतार्न सफल भएका छन् । मानवले 'ठुलो बन्नतिर नलागेर असल हुनपट्टि लाग्नु पर्ने' सारभूत विचार नै उपन्यासको मानवतावादको गुभो हो । महाभारतीय गीता दर्शनलाई आधार मानेर मानवतावादलाई सर्वोपरी महत्त्व दिएर तयार पारिएको यस उपन्यासको विशिष्टता नेपाली उपन्यास जगत्मा विशेष सुरक्षित हुन पुगेको छ ।

## लैङ्गिक दृष्टिकोणका आधारमा भाषापरक अध्ययन

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको जीवनको प्रौढ चिन्तनबाट हासिल गरेको मानवहितार्थ दर्शनको मूल अभिव्यक्ति नै 'मोदिआइन' उपन्यास भएकोले यस उपन्यासमा रहेका पात्रहरूले प्रयोग गरेको भाषा अत्यन्त सशक्त एवं तर्कपूर्ण रहेको छ । शब्द चयन र तार्किक अभिव्यक्तिको आलङ्कारिक प्रस्तुतिका दृष्टिबाट यस उपन्यासको भाषा निकै सफल रहेको पाइन्छ । ठाउँ ठाउँमा संस्कृतका कठिन शब्द र हिन्दी भाषाका शब्दको प्रयोग गरिए तापनि यस्ता शब्दले औपन्यासिक आस्वादनमा खासै असर परेको पाइँदैन । व्याख्या, विश्लेषण र नाटकीय शैलीमा लेखिएको यस उपन्यासमा प्रथम र तृतीय पुरुष कथनपद्धतिलाई अँगालिएको छ । त्यसैगरी व्याकरण, कोश, अर्थ जस्ता विविध क्षेत्रमा गरिएका विचलन र समानान्तरता दुबैले अभिव्यक्तिमा थप रौनकता सिर्जना गरेको छ ।

सरल शब्दको चयनमा उपन्यासकारको रुचि देखिए तापनि संस्कृतनिष्ठ शब्द तथा हिन्दी शब्दको प्रयोगले उपन्यासलाई केही जटिल बनाएको छ । तथापि उपन्यासको भाषा रोचक र आकर्षक बनेको छ । संस्कृत शब्द प्रयोग भएका वाक्यांशलाई यहाँ प्रस्तुत गरिएको छ ।

एकैछिनमा अचानक भयङ्कर घोषका साथ एकै चोटि शङ्ख निनाद भयो । भेरीहरू गजराजको स्वरमा गम्भीर घोष गर्दै बजे, नगडा गड्कयो र लाखौं जनकण्ठबाट पृथ्वीलाई फाड्ने गरी जय ध्वनि गर्ज्यो, *(कोइराला, २०३६, पृ. ३५)* ।

त्यही उम्लिरहेको घूर्ण वायुलाई देखाएर कोई सहेंली आशङ्कामा भन्थी "हेर, राक्षसी वायु खाँ, खाँ गर्दै त्यहाँ बगेका", *(कोइराला, २०३६, पृ. २९)* ।

माथिका वाक्याशंमा प्रयोग भएका भयङ्कर, घोष, शङ्ख, निनाद, भेरी, गजराज, नगडा, जनकण्ठ, ध्वनि, घूर्ण, वायु जस्ता संस्कृतनिष्ठ (तत्सम) शब्दहरू हुन् । यी तत्सम शब्दहरूको प्रयोगले उपन्यासलाई केही दुर्बोध्य बनाए पनि भाषालाई रोचक बनाएको छ ।

उपन्यासमा श्रीमद्भागवत गीताको दोस्रो अध्यायको संस्कृत श्लोक समेत प्रस्तुत गरिएको छ ।

नैनं छिन्दन्ति शस्त्राणि, नैनं दहति पावकः

नचैव क्लेदयन्त्यापो न शोषयति मारुतः *(कोइराला, २०३६, पृ. ४२)* ।

माथिको यस श्लोकमा मानिसको आत्माको महत्त्वलाई प्रस्तुत गर्दै उपन्यासकारले अत्यन्त बौद्धिक भाषाको प्रयोग गरेका छन् ।

प्रस्तुत उपन्यासमा आगन्तुक भाषाका शब्दहरूको समेत प्रयोग भएको छ । जसमध्ये मुख्य रूपमा अङ्ग्रेजी, हिन्दी र बिहारी भाषाका शब्दहरूको बाहुल्य रहेको पाइन्छ ।

त्यसको ट्वील सेतो पेन्ट कोट घाममा यसरी टल्किरहेको थियो, मानौं लुगामा प्लाष्टर लाएर त्यसमा चून पोतिदिएको होस्, *(कोइराला, २०३६, पृ. ५)* ।

माथिको वाक्यांशमा प्रयोग भएका ट्वील, पेन्ट, प्लाष्टर जस्ता शब्दहरू अङ्ग्रेजी भाषका शब्द हुन् ।

मोदिआइनको प्रसन्न चेहरा मेरो भोजन सामग्रीका उपर रखवाली गरेर पर्खिरहेको थियो, त्यसैसँग दुइटा लड्डू, नुन र गुड पनि । दही चाहिँ कहतारैमा थियो, *(कोइराला, २०३६, पृ. ९)* ।

मोदिआइनले भनी- "बबुआ, तिमी के गछौ, पढछौ कि पढ्दैनौ ?, *(कोइराला, २०३६, पृ. १०)* ।

माथिका वाक्यहरूमा प्रयोग भएका चेहरा, रखवाली, लड्डू, कहतारै जस्ता शब्दहरू हिन्दी भाषका शब्दहरू हुन भने बुबुआ बिहारी भाषाको शब्द हो । माथि प्रयोग भएका अङ्ग्रेजी, हिन्दी, बिहारी भाषाका शब्दहरूको प्रयोगले उपन्यासलाई रसिलो बनाएको छ ।

उपन्यासमा अनुकरणात्मक र निपात शब्दहरूको पनि प्रयोग पाइन्छ । यी शब्दहरूको प्रयोगले उपन्यासको भाषालाई अझ बोधगम्य र मिठास प्रदान गरेको छ ।

मोदिआइनले भनी- "ल अब सुत । डराउन त डराउँदैनौ नानी ?", *(कोइराला, २०३६, पृ. १७)* ।

अर्जुनको उज्ज्वल कान्तिमय मुख सुर्यको प्रकाशमा टिलिकटिलिक भइरहेको थियो, ( कोइराला, २०३६, पृ. ३६) ।

रुखमा बसेर चराचुरुङ्गीहरू चिरिबिरी गरिरहेका थिए, *(कोइराला, २०३६, पृ. २५)* ।

माथिका वाक्यहरूमा प्रयोग भएका ल, त जस्ता शब्दहरू निपात हुन भने टिलिकटिलिक, चिरिबिरी जस्ता शब्दहरू अनुकरणात्मक शब्द हुन् ।

लैङ्गिक भाषा भनेको महिला र पुरुषलाई सम्बोधन गर्ने भाषा हो । दुबैलाई सम्बोधन गर्ने भाषामा समानता हुनुपर्छ । भाषा प्रयोग गर्दा संवेदनशील र आदरार्थी भाषाको प्रयोग गर्नुपर्छ । समाजमा महिला र पुरुषलाई हेर्ने दृष्टिकोणमा समानता हुनुपर्छ । तान्त्रिक र मछ्वारिनबिच भएको संवादमा भाषिक समानता रहेको छ । जसको पुष्टि तलका वाक्यहरूले गर्दछ ।

उसले बुझे जस्तो गरी सोध्यो - "मछुवारिन, तिमी किन हाँस्यौ ? को हौ तिमी ?" मछुवारिनले भनी - "म को हुँ, तिमीलाई के चासो ?" *(कोइराला, २०३६, पृ. १४)* ।

माथिका मछवारिन र तान्त्रिकबिचको कुराकानीमा दुबै जनाले प्रयोग गरेको 'तिमी' शब्द लैङ्गिक दृष्टिले समान रहेको छ ।

सासुले ढोका उधार्नु भयो र दियो उचालेर मेरो मुखलाई गौरसँग हेर्नु भयो । अनि बडो स्नेहको स्वरमा भन्नु भयो, "बहु, आऊ आफ्नो घरभित्र", *(कोइराला, २०३६, पृ. २६)* ।

माथिको वाक्यमा बुहारीले सासूलाई 'तपाइँ' जस्तो उच्च आदरार्थी र सासूले बुहारीलाई 'तिमी' आदरार्थी शब्दको प्रयोग गरिएको हुँदा लैङ्गिक दृष्टिले उपर्युक्त भाषामा समानता पाइन्छ ।

त्यसपछि वहाँले आफ्नो छोरालाई भन्नु भो- "साक्षत् लक्ष्मीलाई आफ्नो घरभित्र हुल्न लागेको छस् । यिनको बडो कदर गर्नु र लक्ष्मीस्वरूप बहु हुन यिनी मेरी" *(कोइराला, २०३६, पृ. २६)*

माथिको वाक्यांशमा बुहारीलाई भगवान् लक्ष्मीको स्वरूप मानी कदर गरेको हुँदा महिलालाई उच्च आदर गरेको देखिन्छ ।

खोकिरहने मोदीले कुनाबाट नाकेबोलीमा भन्यो- "मोदिआइन यो तेरो कस्तो बानी, जसलाई पनि अर्तिउपदेश मात्र दिइरहन्छेस्", *(कोइराला, २०३६, पृ. १०)*।

उनले अन्धकारमा आमालाई घरको ढोका उघार्नु भन्दै भने "आमा हेरत आज कस्तो कोसेली ल्याएको छु। हेर त छिट्टै", *(कोइराला, २०३६, पृ. २६)*।

माथिका वाक्यमा मोदीले आफ्नी श्रीमती मोदिआइनलाई अनादर 'तँ' र छोराले आमालाई निम्न आदर 'तिमी' शब्दको प्रयोग गरेको देखिन्छ। यी शब्दले लैङ्गिक विभेद सिर्जना गरेको छ।

उपन्यासमा केही संवेदनशील शब्दहरूको प्रयोग गरी लैङ्गिक समानता कायम गरेको देखिन्छ।

मेरा बा र भाइ उता पाण्डव सेनामा भर्ती भएका छन् भन्ने खबर पाएँ। दुलहा र देवर कौरव सेनामा, *(कोइराला, २०३६, पृ. ३२)*।

मोदिआइनले भित्रैबाट सोधी- "के भो नानी ?" मैले भनें- "हडाहा पोखरीको पानीमा छप्प भो", *(कोइराला, २०३६, पृ. १८)*।

माथिका वाक्यमा बा, भाइ, दुलाहा, देवर र नानी जस्ता संवेदनशील शब्दहरूको प्रयोग भएको पाइन्छ। यस्ता संवेदनशील शब्दहरूले उपन्यासमा लैङ्गिक समानता कायम गरेको पाइन्छ।

यसरी भाषिक दृष्टिले उपन्यासको विश्लेषण गर्दा उपन्यासमा तत्सम, तद्भव र आगन्तुक साथै अनुकरणात्मक र निपात शब्दहरूको प्रयोग भएको पाइन्छ। यस्ता शब्दहरूको प्रयोगले उपन्यासलाई मिठासपूर्ण र रोचक बनाएको छ। उपन्यासमा केही संवेदनशील र केही विभेदपूर्ण शब्दहरूको समेत प्रयोग भएको पाइयो। उपन्यासमा प्रयोग भएका संवेदनशील र आदरार्थी शब्दहरूको प्रयोगले लैङ्गिक समानता कायम गरेको छ भने विभेदपूर्ण शब्दहरूले लैङ्गिक असमानता कायम गरेको छ। तर पनि समग्रमा भाषिक प्रयोगको दृष्टिले हेर्दा उपन्यासमा प्रयोग गरिएको भाषामा लैङ्गिक समानता नै पाइन्छ।

## लैङ्गिक चेतना प्रयोगको विश्लेषण

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले 'मोदिआइन' उपन्यासमा आफ्नो मानवतावादी भावचेतनालाई दार्शनिक रूपमा उतार्न सफल भएका छन्। उनले आफ्ना मानवतावाद सम्बन्धी धारणालाई अनि त्यस विचारसँग सम्बन्धित मूल्य र मान्यतालाई स्पष्ट रूपमा राख्न पछि परेका छैनन्। ठूलो बन्नतिर नलागेर असल हुनपट्टि लाग्नुपर्ने सारभूत विचार नै उपन्यासकारको मानवतावदको गुभो हो, *(दाहाल, २०६०, पृ. २९८)* कोइरालाका विचार प्रवाहका मूल अभिव्यक्ति

उपन्यासकी प्रमुख पात्र मोदिआइनबाट प्रस्तुत भएका छन् । तसर्थ उपन्यासमा पूर्ण रूपमा लैङ्गिक चेतना पाइन्छ ।

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको 'मोदिआइन' उपन्यास नारीचरित्रप्रधान् उपन्यास हो । नारीकै चरित्रलाई प्रकाशित गर्ने हेतुले यहाँ नारीलाई नै प्रमुख भूमिका प्रदान गरिएको छ । महाभारतकालीन युद्धदेखि वर्तमान आधुनिक युगसम्म नारीहरू विभिन्न किसिमका युद्धहरूबाट पीडित भएका छन् । पुरुष केन्द्रित मान्यता बोकेको यस समाजमा महिलाहरू विभिन्न कारणले शोषित र उपेक्षित बनेका छन् । आफ्नो शासन र आधिपत्य लाद्न महिलामाथि गरिने अन्याय र अत्याचारलाई सहेर नबसी आफ्नो हक, अधिकार स्थापित गर्न आफैँ अग्रसर हुनुपर्ने लैङगिक चेतनालाई उपन्यासमा प्रस्तुत गरिएको छ । लैङ्गिक समानता र अस्तित्वका लागि विशेषतः नारीहरूलाई सचेत बनाउन यस उपन्यासले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

लैङ्गिक चेतनाबाट प्रस्तुत भएका केही भनाइहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।

मोदिआइनले नजिकै थचक्क बसेर भनी "ठूला मानिस थरीथरीका हुन्छन् । असल मानिस भने एक थरीका मात्र हुन्छन् । ठूलो हुनपट्टि नलाग्नु, असल हुनपट्टि लाग्नु नानी", *(कोइराला, २०३६, पृ. १०)* ।

माथिको वाक्यांशमा मोदिआइनले बालपात्र 'म' लाई पढेर ठुलो मान्छे नबनी असल मान्छे बन्नु भन्ने मानवतावादी अभिव्यक्ति दिएको छ । तसर्थ उपन्यासको प्रमुख नारीपात्र मोदिआइनमा पूर्ण रूपमा लैङ्गिक चेतना रहेको कुरा माथिको वाक्यले पुष्टि गर्दछ ।

यसैगरी मोदिआइनमा प्रबल लैङ्गिक चेतना रहेको तलका यी वाक्यांशले प्रष्ट पार्दछ ।

अनि अर्जुन मानव रहेनन् । एकदम ईश्वरारुढ यन्त्र भए उनी । देउता चढ्यो उनमा । उनको बलिष्ठ भूजा काँप्यो, फ्याँकेको गाण्डीव उनले टिपे र त्यसमा प्रत्यञ्चा चढाए । अठार अध्याय गीता श्रवण गरिसकेपछि मानव रहँदैनन, त्यो ईश्वरारुढ व्यक्ति हुन्छ र तसर्थ, अतुल शक्तिबाट विद्युन्मय, *(कोइराला, २०३६, पृ. ३९)* ।

माथिका यी वाक्यांशहरूमा मान्छेलाई मान्छेको हैसियतमा नराखी ईश्वरत्व प्रदान गऱ्यो भने मानिस अहङ्कारी, दुष्ट र हिंस्रक बन्दछ भन्ने दार्शनिक अभिव्यक्ति मोदिआइन पात्रबाट प्रस्तुत भएका छन् ।

अन्याय र अत्याचार विरुद्धमा लड्नु पर्ने क्रान्तिकारी भावचेत समेत उपन्यासमा प्रस्तुत भएको छ । यसै सन्दर्भमा द्रौपदीको अभिव्यक्तिलाई यहाँ प्रस्तुत गरिएको छ ।

द्रौपदीले धिक्कारिन रे -"हे मेरा कहलाइएका वीर पति हो ! के तिमीहरूले भरिएको राजसभामा भएको मेरो बेइज्जती बिर्सियौ ?" *(कोइराला, २०३६, पृ. २९)*।

यसरी माथि उल्लेखित यी वाक्यहरूले नारीले आफ्नो अस्मिता रक्षा गर्न आत्मशक्ति र संघर्षदायी भूमिका निर्माण गर्नुपर्ने कुरा अभिव्यक्त भएको छ । तसर्थ द्रौपदीका यी भनाइहरूमा पूर्ण रूपमा नारी विद्रोहका स्वरहरू गुञ्जिएका छन् ।

भोलिपल्ट गाउँमा कुनै पनि पुरुष रहेनन् । मेरा बा र भाइ पनि उता पाण्डव सेनामा भर्ती भएका छन् भन्ने खबर पाएँ । दुलाहा र देवर कौरब सेनामा, बा र भाइ पाण्डव सेनामा । कसले कसलाई बध गर्ने यो स्वजातीय हत्याकाण्डले कसको जय र कसको पराजय हुने हो, हे परमात्मा, *(कोइराला, २०३६, पृ. ३३)*।

महाभारतको युद्धको विषयले नारीभित्र कतिसम्म मानसिक तनाव उत्पन्न गराएको थियो भन्ने कुरा माथिका 'नारी' पात्रले अभिव्यक्त गरेका वाक्यांशले पुष्टि गरेको छ । त्यसैले नारीले युद्ध नहोस् र युद्ध भएमा आफ्नै श्रीमान, बुबा, भाइ, देवर र नजिकका नातेदार हताहती हुन सक्छन् भन्ने मानवतावादी दृष्टिकोण प्रस्तुत गरेकी छ । त्यसैले युद्धले कहिल्यै पनि सुखदायी भविष्य जन्मन नसक्ने भएकोले नारीले आफ्ना युद्ध विरोधी अभिव्यक्ति प्रस्तुत गरेकी छ । यी अभिव्यक्तिहरू लैङ्गिक सचेतनाका दृष्टिले पूर्ण रूपमा सशक्त रहेका छन् ।

त्यस्तै रमाइलो र परमसुखमा मेरा दिन बितिरहेका थिए । मेरा मात्रै होइनन्, हामी सबै नारीहरूका पतिप्रेममा शान्तिको वातावरणमा, जबकी युद्धको सम्भावना मानिसको मनबाट विलाइसकेको थियो । हामी सहेलीहरू सूर्यकुण्डमा बसेर भन्थ्यौ- अब मानिसले युद्धबाट मुक्ति पायो", *(कोइराला, २०३६, पृ. २८)*।

हरेक मान्छेले आफ्नो मूल्य र मान्यताद्वारा बाँच्न पाउँनु पर्छ । कसैको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकार हरण गर्नु हुँदैन भन्ने अभिव्यक्ति उपन्यासकी 'नारी' पात्रले माथिका वाक्यांशमा प्रस्तुत गरेकी छ । तसर्थ यी वाक्यांशले 'नारी' पात्रमा उच्च लैङ्गिक चेतना रहेको प्रस्ट पारेको छ ।

उपन्यासकार कोइरालाले मोदिआइन उपन्यासमा नारीका पीडा र वेदनाहरूलाई उजागर गर्ने सन्दर्भमा मानवीय अस्तित्व र नियतिलाई उठान गरेका छन् । उपन्यासका प्रमुख नारी पात्रहरू मोदिआइन, मछुवारिन र नारी यी तिनै पात्रहरू युद्धका विभिषिकाबाट पीडित पात्रहरू हुन् । तिनयुगका यी छुट्टाछुट्टै नारीहरूको समान पीडालाई एकाकार गरेर उनीहरूलाई तीव्र जीवनवादी र मानवतावादी स्वर दिएर उभ्याइएका छन् ।

यस धर्तीमा पौराणिक कालदेखि आजसम्म जे जति युद्ध हुँदै आएका छन्, ती सबै युद्धमा पुरुषहरू भन्दा नारीहरू बढी पीडित र शोषित हुँदै आएका छन् । तसर्थ नारीहरूले आफ्नो अस्मिता रक्षा गर्नका लागि संघर्षरत रहनु पर्दछ । पुरुष प्रधान समाजमा नारीका आवश्यकता चाहना र आकांक्षालाई कुनै मूल्य नदिई कुण्ठित पारिएको हुन्छ । नारीहरू माथि हुने गरेको शोषण र दमनलाई आम नारीहरूले सहेर नबसी आफ्नो अस्तित्वका लागि सधैँ संघर्षरत रहिरहनु पर्ने लैङ्गिक चेतना अभिव्यक्त गर्दै मोदिआइन उपन्यासमा लैङ्गिक चेतनालाई सशक्त रूपमा उठान गरिएको छ ।

## निष्कर्ष

कृतिपरक समालोचनाको क्षेत्रमा उदाएको नवीन अवधारणाको रूपमा रहेको लैङ्गिक विश्लेषणलाई आधार मानेर उपन्यासमा रहेको आन्तरिक र बाह्य धरातलका आधारमा वैज्ञानिक र वस्तुनिष्ठ ढङ्गले अध्ययन विश्लेषण गरी 'मोदिआइन' उपन्यासको नवीन सौन्दर्य उद्घाटन र मूल्याङ्कन गरिएको हुनाले यस शोधको उच्च महत्त्व रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

यस कृतिको लैङ्गिक समालोचनाको पक्षबाट गरिएको विश्लेषण पश्चात कृति विचार विनिमय, श्रृङ्खलता तथा समप्रेषणीयताका दृष्टिले समेत सुदृढ रहेको र विधात्मक दृष्टिले पनि उत्कृष्ट भएको निष्कर्ष निकालिएको छ ।

# अध्याय पाँच

## उपयोगिता र सुझाव

### शोधकार्यको उपयोगिता

पूर्वीय साहित्य समालोचनाकै क्षेत्रमा एउटा नौलो विषय बनेर उदाएको कृतिपरक समालोचनाको एक शाखा लैङ्गिक अध्ययन विश्लेषणका सम्बन्धमा हाम्रो देशमा अत्यन्तै न्यून खोजहरू भएका छन् । विश्वविद्यालय तहमा मानवशास्त्र, समाजशास्त्र जस्ता विषयमा लैङ्गिक पक्षको बारेमा पठनपाठन त हुन्छ तर कृतिको लैङ्गिक विश्लेषण वास्तवमा कसरी गर्न सकिन्छ भनेर कुनै आधिकारिक पुस्तकहरू तयार हुन सकेका छैनन् । बरु अङ्ग्रेजी साहित्यमा गरिएका अनुसन्धानको सेरोफेरोमा रहेर सिद्धान्त घोटाउने प्रयास मात्र भएको छ । जबसम्म कृतिको लैङ्गिक अध्ययन विशलेषणलाई प्रयोगात्मक रूपले अगाडि बढाउन सकिदैन तबसम्म लैङ्गिक अध्ययनका सम्बन्धमा वास्तविक शिक्षण हुन सक्दैन । तसर्थ यस्तो पृष्ठभूमिमा तयार गरिएको साहित्यिक कृतिको प्रयोगात्मक लैङ्गिक अध्ययन सम्बन्धी यो शोधपत्र आफैँमा उपयोगी साबित भएको छ । यो शोधपत्र विशेषतः निम्न क्षेत्रमा उपयोग हुनेछ,

(क) भावी अनुसन्धाताका लागि

(ख) शिक्षक/प्राध्यापकका लागि

(ग) विद्यार्थीहरूका लागि

(घ) लेखक/वक्ताका लागि

(ङ) पाठकका लागि

(च) समालोचकका लागि

साहित्यिक कृति वा कुनै किसिमको लेख्य वा श्रव्य लैङ्गिक अध्ययन विश्लेषण गर्ने कार्यमा लागेका र भविष्यमा त्यसप्रति लाग्ने अनुसन्धाताहरूले आफ्नो अनुसन्धानमा यस शोधपत्रलाई पूर्वकार्यका रूपमा प्रयोग गरी आवश्यक मार्ग तय गर्न सक्नेछन् । यस शोध कार्यले भावी अनुसन्धातालाई लैङ्गिक अध्ययन सम्बन्धी ढाँचा प्रदान गरेको छ । आफ्नो अनुसन्धानलाई व्यवस्थित, वस्तुनिष्ठ र वैज्ञानिक बनाउने कार्यका लागि भावी अनुसन्धाताहरूले यसको भरपुर प्रयोग गर्न सक्नेछन् ।

विश्वविद्यालय तहको स्नातक र स्नातकोत्तर तह, मानवशास्त्र, समाजशास्त्र जस्ता विषयहरूमा लैङ्गिक विश्लेषण सम्बन्धी पाठहरू पढाइ भए तापनि नेपाली विषयमा लैङ्गिक

अध्ययन सम्बन्धी विषयहरू पढाइ नहुनाले कतिपय प्राध्यापकहरू समेत लैङ्गिक विश्लेषण सम्बन्धी प्रयोगात्मक शिक्षणमा अनभिज्ञ रहेका छन् । यसका अलावा साहित्यिक कृतिहरूको लैङ्गिक अध्ययन सम्बन्धी शिक्षण गर्ने सवालमा उनीहरू अनभिज्ञ नै छन् । तसर्थ सम्बन्धित विषयका प्राध्यापकहरूले यस अनुसन्धानलाई प्रयोग गरी आफ्नो शिक्षणलाई व्यवहारमुखी, प्रयोगात्मक र व्यवस्थित बनाउन सक्ने आधार यस अनुसन्धानले तयार गरेको हुँदा उनीहरूका लागि यो शोधकार्य उपयोगी बनेको छ ।

लैङ्गिक अध्ययन विश्लेषण सम्बन्धी उच्च कक्षामा अध्ययन गर्ने विद्यार्थीहरूका लागि लैङ्गिक अध्ययन र प्रयोगका सम्बन्धमा अन्योल सृजना भएमा यो शोधकार्यले उक्त अन्योल हटाउन मद्दत गर्ने छ । विद्यार्थीहरूले यस शोधपत्रलाई आफ्नो आधिकारिक पाठ्य सामग्रीका रूपमा प्रयोग गरी थप ज्ञान प्राप्त गर्न सक्ने हुँदा यो अनुसन्धान बढी उपयोगी भएको छ ।

उपन्यासमा रहेको लैङ्गिक प्रयोगको अवस्था विश्लेषण गर्न लैङ्गिक समानता, समता, महिला सशक्तिकरण, लैङ्गिक दृष्टिकोण जस्ता पक्षहरूको गहन अध्ययन र विश्लेषण गरिएकोले लैङ्गिकता सम्बन्धी औपचारिक कार्यक्रम सञ्चालन गर्न, नारी आवाजहरू प्रस्फुटन गर्न र यस विषयसँग सम्बन्धित थप अनुसन्धान गर्न लेखक तथा वक्ताहरूका लागि यो अनुसन्धान उपयोगी बनेको छ ।

प्रस्तुत शोधकार्य लैङ्गिक चेतनाको प्रयोगमा केन्द्रित रहे तापनि लैङ्गिक समालोचना, नारीवाद, साँस्कृतिक चेतना र महिला शिक्षा जस्ता विषयहरू समेत अभिव्यक्त भएका छन् । तसर्थ यस शोधको अध्ययन पश्चात् लैङ्गिक हिंसा र विभेदको अन्त्य गर्न सहयोग पुग्नेछ । यस शोधको गहन अध्ययन गरी अन्य कृतिहरू समेतको लैङ्गिक पक्षको खोजी गरी विश्लेषण गर्न सकिने हुँदा यो अनुसन्धान पाठकहरूका लागि बढी उपयोगी बनेको छ ।

यस शोधपत्रको अध्ययन पश्चात् लैङ्गिक पक्षसँग सम्बन्धित वा अन्य कुनै पनि कृतिको समीक्षा गर्न समालोचकहरूले कृतिमा प्रयोग गरिएको भाषा प्रयोगको स्थिति र कृतिको सम्प्रेषणीयताबारे ज्ञान प्राप्त गरी कृतिहरूको कृतिपरक अनुसन्धान गरी ओज स्थापना गर्न सक्ने हुँदा समालोचकहरूले यस अनुसन्धानलाई उपयोगमा ल्याउन सक्नेछन् ।

यसका अतिरिक्त विभिन्न व्यक्ति तथा संस्थाहरूले यस अनुसन्धानलाई प्रत्यक्ष वा परोक्ष रूपमा उपयोग गरी आफ्नो लक्ष्य प्राप्त गर्न सक्ने हुनाले यो शोधकार्यको धेरैभन्दा धेरै उपयोगिता झल्कन्छ ।

## सुझावहरू

'मोदिआइन' उपन्यासको लैङ्गिक अध्ययन पश्चात् निम्न पक्षहरूलाई केही सुझावहरू दिन आवश्यक ठानेको छु,

### नीतिगत तहका लागि

(क) सबै क्षेत्रमा पुरुष सरह महिलालाई समान अवसर प्रदान गरी लैङ्गिक समानताको नैसर्गिक अधिकार प्रदान गरिनु पर्दछ ।

(ख) महिलाहरूको सामाजिक, राजनीतिक र शैक्षिक सहभागिता वृद्धिका लागि विद्यमान कुरीति र भेदभाव बिरुद्ध लड्न सक्ने क्षमताको विकास गराउनु पर्दछ ।

(ग) महिला र पुरुषलाई प्रयोग गर्ने भाषामा समानता हुनु पर्दछ जसले लैङ्गिक असमानतालाई हटाउन मद्दत पुऱ्याउँछ ।

(घ) सामाजिक, राजनीतिक, आर्थिक सबै क्षेत्रमा महिलाको सहज पहुँच बढाउन महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन गर्नु पर्दछ ।

(ङ) सबै प्रकारका लैङ्गिक हिंसा र विभेदको अन्त्य गर्न प्रभावकारी कानुन निर्माण र कार्यान्वयनको आवश्यकता देखिन्छ ।

### कार्यान्वयन तहका लागि

(क) महिलाका हरेक चाहना, आकाङ्क्षा र आवश्यकताहरूलाई परिपूर्ति गर्न पुरुषले उचित ध्यान पुऱ्याउनु पर्ने देखिन्छ ।

(ख) परम्परावादी सोच र विचारबाट महिलालाई हेर्ने दृष्टिकोणलाई त्याग गरी समाजमा उचित स्थान दिइनु पर्दछ ।

(ग) अनुत्पादक भूमिकामा भन्दा उत्पादक भूमिकामा महिलालाई अग्रसर गराउनु पर्दछ ।

(घ) लैङ्गिक दृष्टिकोणका आधारमा महिला र पुरुषलाई हेर्ने परम्परावादी समाजलाई परिवर्तन गरी आधुनिक युग र विश्वपरिवेश अनुरूप विकासको अग्रपथमा लैजानु पर्ने देखिन्छ ।

(ङ) पुरुषहरूले महिलाका हरेक पक्षमा विचार पुऱ्याउनुका साथै सबै क्षेत्रमा समान अवसरको सुनिश्चितता प्रदान गर्नु पर्दछ ।

## भावी अनुसन्धाताका लागि

मूतलः यो शोधकार्यमा ‘मोदिआइन’ उपन्यासको लैङ्गिक पक्षको थप विश्लेषण गर्नका लागि भावी अनुसन्धातालाई निम्न शीर्षकहरूमा पनि अनुसन्धान गर्न सकिने कुरा सुझावका रूपमा प्रस्तुत गरेको छु,

(क) मोदिआइन उपन्यासमा लैङ्गिक चेतनाका दृष्टिले चरित्रपरक अध्ययन

(ख) मोदिआइन उपन्यासमाक लैङ्गिक अवस्थाको विचारपरक अध्ययन

(ग) लैङगिक दृष्टिले मोदिआइन उपन्यासको भाषापरक अध्ययन

(घ) लैङगिक दृष्टिले मोदिआइन उपन्यासमा नवीन प्रयोगको विश्लेषण

## व्यक्ति वृत्ति



नाम, धर्मप्रसाद अधिकारी

जन्म, २०३३/०४/१३

जन्म स्थान, सुभाङ्ग-९, पाँचथर

स्थायी ठेगाना, कनकाई नगरपालिका-१, झापा

माता, योगमाया अधिकारी

पिता, लक्ष्मीप्रसाद अधिकारी

पत्नी, लक्ष्मी काफ्ले (अधिकारी)

छोरा, साहिला

नागरिकता, नेपाली

सम्पर्क, ९८४२६२४०९०

### शैक्षिक योग्यता

| क.सं. | तह | बोर्ड | साल | मूल विषय | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | SLC | SLC | २०४९ | – | ३७२ | ५३.१४ |
| २ | PCL | TU | २०५३ | नेपाली | ४१७ | ४१.७० |
| ३ | B.A. | TU | २०५८ | नेपाली | ६६२ | ४७.२९ |
| ४ | B.Ed. | PU | २०६० | नेपाली | ३०४ | ५०.६७ |
| ५ | M.Ed. | TU | २०६८ | नेपाली | ५९८ अनुसन्धान बाहेक | ६२.९४ अनुसन्धान बाहेक |

# सन्दर्भ सामग्री


आचार्य, बलराम (२०६८), ***लैङ्गिक र महिलावादी अध्ययन,*** काठमाडौँ, नेसनल बुक्स सेन्टर ।

ओझा, घननाथ (२०५६), *नेपालमा महिला,* काठमाडौँ पैरवी प्रकाशन ।

एटम, नेत्र (२०६१), *समालोचनाको स्वरूप,* ललितपुर, साझा प्रकाशन ।

काफ्ले मिनिता (२०६५), *प्राथमिक तहको सामाजिक शिक्षा पाठ्यपुस्तकमा लैङ्गिक अवस्था* ( अप्रकाशित, स्नातकोत्तर शोधपत्र), त्रि.वि. विश्वविद्यालय, विश्वविद्यालय क्याम्पस, कीर्तिपुर, काठमाडौँ ।

कोइराला, विश्वेश्वरप्रसाद (२०३६), *मोदिआइन,* ललितपुर, साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०५०), *आफ्नो कथा,* काठमाण्डौँ, साझा प्रकाशन ।

किरण, मोहन वैद्य, *अन्नपूर्ण पोष्ट,* राष्ट्रिय दैनिक पत्रिका, काठमाडौं, असार १५, २०७० ।

खनाल, गेहेन्द्र (२०६१), *तीनघुम्ती उपन्यासको कृतिपरक अध्ययन* (शोधपत्र), काठमाडौँ, त्रि.वि. मानविकवी संकाय ।

गौतम, कृष्ण (२०५९), *आधुनिक आलोचना, अनेक रूप अनेक पठन,* ललितपुर, साझा प्रकाशन ।

चौलागाईं, तिलकप्रसाद र अन्य (२०६०), *लैङ्गिक अध्ययन,* काठमाडौँ, न्यूहिरा बुक्स इन्टरप्राइजेज ।

ढुङ्गाना, लावण्य र अन्य (२०६५), *नेपाली गद्य भाषा र साहित्य,* काठमाण्डौँ, जुपिटर प्रकाशन ।

दाहाल, डा. कृष्णप्रसाद (२०६०), *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा द्वन्द्वविधान,* काठमाडौँ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

धरावासी, कृष्ण (२०४८), *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरू,* ललितपुर, साझा प्रकाशन ।

नेपालको अन्तिरिम संविधान, (२०६३), काठमाडौँ, पैरवी प्रकाशन

पौड्याल, कृष्णविलास (२०६३), *नेपाली गद्य नाटक,* काठमाडौँ, नवीन प्रकाशन ।

पौड्याल, नन्दिताकुमारी (२०६२), *कक्षा ८, ९ र १० का नेपाली पाठ्यपुस्तकका पाठमा लैङ्गिक समानता सम्बन्धी अध्ययन* (अप्रकाशित, स्नातकोत्तर शोधपत्र), त्रि.वि. विश्वविद्यालय, विश्वविद्यालय क्याम्पस, कीर्तिपुर, काठमाडौँ ।

प्रधान, कृष्णचन्द्रसिंह (२०४०), *सिर्जनाको सेरोफेरो,* काठमाडौँ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बृहत् यौनिकता शिक्षा (२०६७), *नेपाल सरकार,* सानोठिमी भक्तपुर, पाठ्यक्रम विकास केन्द्र ।

भण्डारी पारसमणि र अन्य (२०६६), *नेपाली गद्य र नाटक,* काठमाडौं, विद्यार्थी पुस्तक भण्डार ।

लैङ्गिक समविकास शिक्षा, वर्ष ११, अङ्क ११ (२०६७), शिक्षा विभाग, वार्षिक शैक्षिक प्रकाशन, सानोठिमी भक्तपुर ।

श्रेष्ठ, केशवकुमार र अन्य (२०६६), *लैङ्गिक अध्ययन,* काठमाडौं, एकेडेमिक बुक सेन्टर ।

श्रेष्ठ तिलमाया (२०६७), *तीन घुम्ती उपन्यासको लैङ्गिक अध्ययन* (अप्रकाशित, स्नातकोत्तर शोधपत्र), त्रि.वि. विश्वविध्यालय, विश्वविध्यालय क्याम्पस, कीर्तिपुर, काठमाडौं ।

श्रेष्ठ, रामप्यारी (२०५९), *महिला शिक्षा,* वार्षिक प्रकाशन (वर्ष ३, अङ्क ३), भक्तपुर, शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, महिला शिक्षा शाखा ।

सम्प्रेषण वार्षिक पत्रिका, अङ्क ६ (२०६५), नेपाली भाषा शिक्षा विभाग कीर्तिपुर ।